अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक
ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३४ / २०८२ चैत १३ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Mar. 27, 2026 / मूल्य रू. १०/-

## राज्य सञ्चालन स्टाटस लेखजस्तो सहज हुँदैन/छैन

काठमाडौ । लोकतन्त्र भनेको जनताको जनताद्वारा जनताका लागि शासन गर्ने भनिएको भएपनि आजको विश्वमा यो प्रणाली नै गम्भीर संकटमा पर्दै गएको छ । गत फागुन २१ गते हामीकहाँ भएको निर्वाचनमा पुराना भनिएका दलहरूले संसदमा बलियो उपस्थिति देखाउन नसक्नुको कारण अब तिनै पुराना भनिएका दलहरूले खोज्नुपर्ने अवस्था देखिएको छ ।

पटक पटक जनताले एउटै पार्टीलाई बहुमत दिएपनि पार्टीहरूले पाँच वर्षसम्म सरकार सञ्चालन गर्न सकेनन् किन ? त्यसको एउटै कारण हो पार्टीहरूभित्र गुट उपगुट हुनु र जनताको स्वार्थलाई भन्दा पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थ हाबी हुनु । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यलाई हेर्ने नजर दलहरूमा फरक फरक रहेको छ ।

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# बालेन सरकारको अग्निपरीक्षा सुरू

## आफ्नै पार्टीका सांसद र नेताहरूलाई कारबाही गर्ने दायित्व बालेन सरकारको काँधमा

देवेन्द्र चुडाल



काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपाका वरिष्ठ नेता बालेन साह सरकारको अब अग्नि परीक्षा सुरू भएको छ । निर्वाचनका बेला रास्वपाले जनतासामु गरेका बाचा, करारपत्र र जनतालाई दिएका आश्वासनहरु पुरा गर्नुपर्ने दायित्व बालेन सरकारको काँधमा आएको छ । गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनको मुख्य माग सुशासन र भ्रष्टाचार नियन्त्रण रहेको थियो ।

जेनजीहरूको विरोध प्रदर्शनलाई रास्वपाले समर्थन गरेको र तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साह रास्वपामा प्रवेश गर्दा रास्वपा र बालेन साहबीचमा भएको सहमतिमा जेनजीहरूको विरोध प्रदर्शनको सामित्व लिने सहमति भएकाले गर्दा अब उक्त सहमित अनुसार बालेन साह सरकार अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ । जेनजीहरूको भाद्र २३ गतेको विरोध प्रदर्शनमा सहभागि भएका र त्यो विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरु प्राय सबै रास्वपामा प्रवेश गरेर प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार बनेका थिए । उनीहरु प्रायसबै निर्वाचित भएका छन् ।

भाद्र २३ गतेको विरोध प्रदर्शनलाई समर्थन गर्दै भाद्र २४ गतेको विध्वसात्मक घटनामा संलग्न रहेकाले उनीहरूमाथि अनुसन्धान गरी कानुनी कारबाही गर्नुपर्ने भाद्र २३ र २४ गतेको घटनाका जाँचबुझ गर्न गठन गरिएको गौरीबहादुर कार्की नेतृत्वको आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको हुनाले उनीहरूमाथि अनुसन्धान गरी कारबाही गर्ने जिम्मेवारी साह सरकारमा पुगेको छ । भाद्र २३ गते र २४ गते भएका विध्वसात्मक घटनामा संलग्न रहेका व्यक्तिहरूले आफूहरूले सिंहदरबारमा आगो लगाएको भन्दै भिडियो समेत सार्वजनिक गरेका हुनाले कारबाहीको लागि त्यो भन्दा ठुलो प्रमाण अरू के हुन सक्छ ?

गौरीबहादुर कार्की आयोगका अध्यक्ष बन्नु अघि नै तत्कालिन प्रधानमन्त्री केपी ओलीका विरूद्धमा विभिन्न स्टाटस लेख्दै आएका व्यक्ति हुन् । कार्की आयोगले

>>> बाँकी ८ पेजमा

## प्रतिशोध लिन खोजिए मुलुक अर्को संकटमा फस्छ ?

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई मत ल्याएर पुराना भनिएका राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले सहितका दलहरूलाई खुम्चाईदिएको छ । रास्वपाले अब दम्भ र घमण्ड नदेखाईकन पुराना दलका नेताहरूको अनुभव ज्ञान र सिपलाई आत्मसाथ गर्दै निर्वाचन अघि वाचापत्र वा करारनामाको संज्ञा दिएर सार्वजनिक गरेको घोषणापत्र नै यसको कार्य सम्पादनको मुख्य आधार लिएर अघि बढ्नु उपर्युक्त हुनेछ ।

निर्वाचनको बेला नेपाली जनताले उम्मेदवारको अनुहार समेत नहेरी यसै घोषणापत्रलाई विश्वास गरेर मतदान गरेकाले निर्वाचित भएपछि पार्टी र उसको नेतृत्व सरकारले नयाँ कुराहरु भन्दा पनि जनताद्वारा अनुमोदित

>>> बाँकी ८ पेजमा

## लिपुलेक नाका खुलाउने भारतको निर्णय

### ओली सरकार ढाल्नुको रहस्य खुल्दै

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको राष्ट्रिय स्वतन्त्र पार्टीको अग्नि परीक्षा सुरू भएको छ । करिब ६ वर्ष पछि नेपाली भूमि मिचेर भारतले चीनसँग व्यापारमा जोडिने घोषणा गरेको छ । नेपालको विरोधको बाबजूद भारतले लिपुलेक पास हुँदै भारत–चीन व्यापारमार्ग खुलाउने औपचारिक घोषणा गरेको छ । भारतको पिथौरागढका जिल्ला अधिकारी डिस्ट्रिक्स मेजिस्ट्रे आशिष माटगानीले यो व्यापार मार्ग आगामी जुन १ मा खुल्ला गरिने सार्वजनिक सूचना जारी गरेका छन् ।

>>> बाँकी ८ पेजमा

## सरकार गठनसँगै संवैधानिक निकायमा त्रास

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा झण्डै दुई तिहाई संसद सदस्यमा जित हाँसिल गर्न सफल भएको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो नेतृत्वको सरकार बनाउनु अघि नै सबै सम्वैधानिक निकायमा बहाल रहेको व्यत्तिःहरूलाई राजिनामा दिन फरमान जारी गरेको छ । रास्वपाका नेताहरु अहिले राजिनीतिक नियुक्तिमा को को हुनु को को होइनन् भन्नेमा आफैं प्रष्ट देखिँदैन । अघिल्लो सरकारले नियुक्ति गरेका सबैले राजिनामा दिनुपर्ने भन्दै त्यस विषयमा रास्वपाले छलफल चलाईरहेको छ ।

सम्वैधानिक नियकामा नियुक्तिमा र निरन्तरतामा सरकारको प्रत्यक्ष भूमिका हुँदैन । प्रत्यक्ष भूमिका नभएपनि सरकारले हस्तक्षेप गर्ने हो कि भन्ने त्रास अहिले फैलिएको छ । राज्यका विभिन्न निकायमा नियुक्तिको आफैं प्रक्रिया रहेको छन् । सर्बोचच अदालतका प्रधानन्यायाधिश तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत विभिन्न १३ वटा आयोगका प्रमुख तथा पदाधिकारी नियुक्तिको सिफारिस सम्वैधानिक परिषद्ले गर्ने व्यवस्था रहेको छ ।

सम्वैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने भएपनि नियुक्ति सरकारले गर्ने होइन ? सम्वैधानिक परिषद्मा प्रधानमन्त्री बाहेक

>>> बाँकी ८ पेजमा

## कांग्रेस विभाजनको संघारमा पुग्दै

काठमाडौ । नेपाली कांग्रेसभित्रको विवाद तत्काल समाधान हुन सक्ने सम्भावना टर्दै गएको जस्तो देखिएको छ । कांग्रेसको विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित भएका गगन थापा नै निर्वाचनमा पराजित भएका छन् भने थापा मात्र नभए विशेष महाधिवेशनबाट विभिन्न पदमा निर्वाचित भएका धेरै पदाधिकारीहरु समेत पराजित भएपछि कांग्रेसभित्रको विवाद पुन सतहमा आएको छ ।

विशेष महाधिवेशनमा भाग नलिएका तत्कालिन सभापति शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनलाई स्वीकार गर्न सकिरहेको छैन भने त्यस विषय र निर्वाचन आयोगले थापा पक्षलाई मान्यता दिएका विषयमा सर्बोच्च अदालतमा रिट दायर भएको भएपनि सर्बोच्च अदालतले आजसम्म कुनै सुनुवाई नै नगरेको हुनाले कांग्रेसभित्र संकट बढ्दै गएको छ ।

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा कांग्रेसको करारी हार भएको थियो भने देउवा पक्षले अपवादलाई छोडेर केहीले मात्र निर्वाचनमा भाग लिएका थिए भने केहीलाई थापाले टिकटै दिएनन् । त्यही कारणले गर्दा पनि कांग्रेसभित्रको विवाद तत्काल समाधान हुन सक्ने सम्भावना देखिएको छैन । शेरबहादुर देउवाले पार्टीका उपसभापति पूर्ण बहादुर खड्कालाई कार्यवहाक सभापति बनाएका थिए । खड्काले नै अवको केही दिनभित्रमा देउवा समूहका शिर्ष नेताहरूको बैठक बोलाउने भएका छन् । सो बैठकमा गगन थापा पक्ष सहभागि नहुने भएकाले गर्दा नेपाली कांग्रेस विभाजनको सघारमा पुग्न सक्ने सम्भावना समेत देखिएको छ ।

कार्यवहाक सभापति खड्काले १४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिको बैठक बोलाउने भएपछि थापा पक्षीय नेताहरु भने झस्किएका छन् । कांग्रेसको १ सय ६७ केन्द्रीय समितिमा सभापतिले २० प्रतिशत अर्थात ३३ जनालाई मनोनित गर्न पाउने व्यवस्था रहेको छ । विशेष महाधिवेशनले १ सय ३४ केन्द्रीय समिति चयन गरेको छ । बाँकी रहेको सिटमा देउवा पक्षलाई समेटिने विशेष महाविधेशन पक्षको भनाई रहेको भएपनि देउवा पक्षले विशेष महाविधेशनलाई स्वीकार नगरेको हुनाले पनि अर्को संकट निम्त्याउन सक्छ ।

निर्वाचन आयोगले थापा पक्षले गरेको

>>> बाँकी ८ पेजमा

## एकल बहुमतको सरकार पनि ढलेको हेक्का रास्वपालाई होस्

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपाले सरकार निर्माण हुनु अघि नै त्रासको वातावरण फैलाउन लागि परेको जस्तो देखिएको छ ।

सम्वैधानिक निकाय लागयत अन्य विभिन्न निकायमा अघिल्लो सरकारले गरेका नियुक्तिहरूमा रहेका व्यक्तिहरूलाई राजिनामा दिन आग्रह गरेपछि विवाद उत्पन्न भएको छ । सम्वैधानिक निकायहरूमा सम्वैधानिक परिषद्ले सिफारिस गरेपछि संसद अर्न्तगत रहेको संसदीय सुनुवाई समितिबाट अनुमोदन भएपछि मात्र अनुमोदित व्यक्तिलाई राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था संविधानमा रहेको छ ।




सम्वैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री रहने भएपनि सदस्यहरूमा प्रधानन्यायाधिश, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र विपक्षी दलका नेता गरी ६ जना हुने व्यवस्था रहेको छ । प्रधानमन्त्री र सभामुख रास्वपाका हुने भएपनि राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी दलका नेता र उपसभामुख रास्वपाबाट हुन सक्ने व्यवस्था नरहेकाले सम्वैधानिक परिषद् मा सरकार र विपक्षीहरु आधा आधा हुने भएकाले सरकारले एक्लै नियुक्ति गर्न सक्ने अवस्था देखिँदैन । विपक्षी दलहरूलाई समेत साथमा लिएर अघि बढ्नुको बदला अहिले सम्वैधानिक निकायका पदाधिकारीहरूलाई राजिनामा देउ भनेर त्रास देखाउनुले रास्वपा समेत प्रतिशोधको मार्गतर्फ उन्मुख हुन सक्ने सम्भावना देखिन्छ । सरकारले संविधान, विधिको शासन र मूल्य मान्यतालाई ध्यानमा

>>> बाँकी ८ पेजमा

## एउटै व्यक्तिलाई कारबाही र पुरस्कार दुवै सिफारिस



काठमाडौं । गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको छानबिन गर्न बनेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमा एकै व्यक्तिमाथि कारबाही र पुरस्कार दुवै सिफारिस

>>> बाँकी ८ पेजमा

# Pakistan takes lead in US-Iran peace push

Qamar Bashir

As the Middle East trembles under the roar of fighter jets, the flash of missiles, and the collapse of cities into dust, a parallel story is unfolding— quieter, more complex, yet potentially far more consequential. While destruction dominates the headlines, Pakistan has stepped into a role that is both extraordinary and perilous: that of a mediator between the USA and Iran, two adversaries locked in confrontation but searching, however cautiously, for a path out of escalation.

This moment reflects not just diplomacy, but a test of credibility, trust, and survival. Iran has endured sustained pressure, repeated strikes, and targeted elimination of leadership, yet it continues to stand— resilient, adaptive, and determined. It has demonstrated that even under the combined weight of Israel and the USA, it retains the capacity to defend its sovereignty with courage, resourcefulness, and strategic depth. This transformation— from a perceived vulnerable state to a formidable resisting power— has altered the balance of the conflict.

It is in this altered reality that Pakistan has entered the stage.

The sequence of events is critical. Field Marshal Asim Munir engaged in direct and substantive discussions with President Donald Trump, reviewing the evolving battlefield dynamics, the risks of prolonged conflict, and the urgent need for de-escalation. Immediately thereafter, Prime Minister Shehbaz Sharif spoke with Iranian President Masoud Pezeshkian, conveying the essence of these discussions and emphasizing the necessity of dialogue, ceasefire, and a dignified resolution. This carefully calibrated diplomatic relay— Washington to Islamabad, Islamabad to Tehran— has positioned Pakistan as a central conduit in a highly fragile process.

Yet, Pakistan's role must be understood through a very precise lens.

When the confrontation is between Iran and Israel, Pakistan's position is clear and principled. It extends diplomatic, political, and, where expedient, material support to Iran, recognizing its right to defend itself against aggression. In such a context, Pakistan does not adopt neutrality; it aligns itself with the principle of sovereignty and resistance.

However, when tensions arise between Iran and the Middle Eastern countries— Saudi Arabia, the UAE, Qatar, Oman— Pakistan assumes a different role altogether. It does not take sides. Instead, it becomes a balancer, working to reduce friction, discourage escalation, and bring all parties toward diplomatic resolution. This distinction is not merely tactical; it reflects deep strategic understanding. Pakistan recognizes that division within the Muslim world weakens the region collectively and invites external manipulation. Therefore, its objective in such cases is unity, not alignment.

This dual posture— supportive where principle demands, balanced where unity requires— is the essence of Pakistan's diplomatic maturity.

But today's mediation carries an added layer of danger— one that makes Pakistan's role not only critical, but extremely sensitive and precarious.

At this decisive moment, Pakistan stands at the intersection of war and peace, navigating one of the most dangerous diplomatic terrains of our time. It has chosen the path of balance, courage, and foresight. And in doing so, it has reminded the world of a profound truth: that the greatest victories are not achieved by those who prolong wars, but by those who have the wisdom— and the courage— to end them.

Recent history has created a deep trust deficit. On more than one occasion, diplomatic engagement between the USA and Iran has coincided with or been followed by military escalation. During earlier negotiations, including those in the previous year, Iran was attacked even while diplomatic channels were active. Now, for the third time, a mediation process involving a third party— this time Pakistan— is underway. This pattern has made Iran extremely cautious.

From Tehran's perspective, diplomacy has at times appeared less as a path to peace and more as a prelude to pressure or even attack. This perception fundamentally shapes Iran's current approach. It fears that under the cover of dialogue, strategic positioning may continue— potentially culminating not just in aerial strikes, but in a more direct confrontation. With tens of thousands of US personnel already positioned in the region and military assets significantly reinforced, concerns about escalation into ground engagement cannot be entirely dismissed.

This is what makes Pakistan's role extraordinarily delicate. It is not merely facilitating communication; it is navigating a minefield of distrust, suspicion, and historical experience. Any misstep, any perceived imbalance, or any repetition of past patterns could collapse the entire process. Pakistan must therefore ensure that this round of diplomacy does not become another episode of "talk and strike," but instead evolves into a genuine pathway toward resolution.

At the same time, the broader dynamics of the war continue to reinforce the urgency of mediation. Massive arms flows into the region, including tens of billions of dollars in recent US approvals, have intensified militarization. While these are presented as defensive measures for regional allies, they form part of a larger strategic framework that supports US interests and ensures Israel's security. Middle Eastern countries finance these systems, yet their operational integration often aligns with broader strategic objectives beyond their immediate national defense.

This deepens the paradox of the conflict. The region pays for its own militarization, while remaining locked in a cycle of dependency and insecurity.

Iran, on the other hand, continues to rely on indigenous capabilities— missiles, drones, and asymmetric strategies— to offset this imbalance. Its resilience has demonstrated that even under sustained attack, it retains the ability to respond and endure. Leadership losses have not dismantled its system; instead, new layers continue to emerge, ensuring continuity.

For the USA, this creates a strategic dilemma. A prolonged war is costly, complex, and increasingly unsustainable. Yet, disengagement without a structured settlement risks reputational damage. Pakistan's mediation offers a path that allows both sides to recalibrate without humiliation— providing Iran with dignity and recognition, and the USA with a viable exit from escalation.

However, another critical dimension must be clearly understood.

If the war continues, Israel stands as the principal beneficiary. Prolonged conflict keeps the region divided, keeps Iran under pressure, and ensures continued US engagement in support of Israeli security. A fragmented and militarized Middle East serves Israel's long-term strategic interests.

But if the war is halted, if a ceasefire is established, and if negotiations— particularly on Iran's nuclear programme— reach a balanced and dignified conclusion, then the equation changes dramatically. In such a scenario, Israel risks becoming the biggest



loser. Its strategy of sustained escalation would fail, its ability to keep the region in perpetual tension would diminish, and it could find itself increasingly isolated— not only globally, but potentially even in its strategic alignment with the USA.

This is why the success of mediation carries consequences far beyond the immediate ceasefire. It determines who shapes the future of the region: those who thrive on conflict, or those who seek stability.

In this context, one additional and essential element must be considered. For lasting peace, there must be accountability. A high-level international commission— under the United Nations or a similarly credible global framework— should be established to examine the origins of the conflict. It must determine whether there was a genuine and imminent threat from Iran that justified the scale of military action.

If such a threat is established, then responsibility must be acknowledged accordingly. But if no imminent threat existed, then justice demands a different outcome. Those responsible for initiating and sustaining the conflict must be held accountable, and Iran must be compensated for the destruction inflicted upon its infrastructure, economy, and people. Reconstruction, restitution, and accountability are not optional— they are essential for restoring trust and preventing future conflicts built on contested narratives.

This is where Pakistan's mediation must evolve beyond ceasefire into structured resolution.


Pakistan's own motivations reinforce its commitment. Instability in the Middle East directly affects its economy, energy security, and internal cohesion. Peace is therefore not just a diplomatic aspiration— it is a national necessity.

If Pakistan succeeds, it will not only help end a devastating conflict, but also reassert the power of diplomacy in an era dominated by force. It will revive its historical legacy as a bridge between great powers and demonstrate that even in the most volatile circumstances, dialogue can prevail over destruction.


If it fails, the consequences will be severe. The cycle of war will deepen, distrust will harden, and the forces that benefit from perpetual conflict will emerge stronger.

At this decisive moment, Pakistan stands at the intersection of war and peace, navigating one of the most dangerous diplomatic terrains of our time. It has chosen the path of balance, courage, and foresight.

And in doing so, it has reminded the world of a profound truth: that the greatest victories are not achieved by those who prolong wars, but by those who have the wisdom— and the courage— to end them.



# बालेन सरकार र रास्वपा प्लास्टिकको गुलाफ नहोस्



• राजन कार्की
rajan2012karki@yahoo.com

आजदेशि बालेन साह प्रधानमन्त्री बन्दैछन् । जेनजी बिद्रोहले बालेन साहलाई मेयरबाट प्रधानमन्त्री बनाएको यो घटनालाई विश्वले उत्सुकताका साथ हेरिरहेको छ । बालेन साह सबैभन्दा बढी चासो दुई छिमेकी भारत र चीन तथा विश्वशक्ति अमेरिकी राडारको केन्द्रविन्दुमा रहेका छन् । दुई छिमेकीसँगको सम्बन्धलाई समदूरीमा राख्नु, दुबै मुलुकका स्वार्थलाई राष्ट्रिय हितमा खलल नपर्ने गरी संवोधन गर्नु र विश्वशक्तिलाई विश्वासमा लिएरअघि बढ्नु ढुंगा चपाउनु वा काँडेतारमाथि हिड्नुभन्दा गाह्रो विषय हो । यसकारण बालेन साहले विज्ञ, विशेषज्ञहरूको सल्लाह र काविल व्यक्तिहरूको सहयोगमा यो सुशासन ल्याउने जिम्मेवारी पूरा गर्न सक्नुपर्छ ।

लल्लरी बिल्लरी गाउने, दोष पन्छाउने वा यसो उसो नभएकाले काम गर्न सकिन भन्ने छुट बालेन साहलाई हुनेछैन । सुशासन दिन्छौं, भ्रष्टाचारको अन्त्य गर्छौं, समानता र शान्तिका साथ काम गर्छौं, सहमति र सहकार्यको राजनीति सुरू हुन्छ भनेपछि जेनजी पुस्ताको सपना साकार पार्न त्यही मार्ग हिड्नुपर्छ । भन्नलाई दुईवर्ष विदेश भ्रमण गर्दिन काम गर्छु भनेका छन् । चुनाव प्रचारका क्रममा पनि काम देउ बरू भोट नदेउ भन्ने बालेन साहप्रति झापादेखि महाकालीसम्मका जनताको भर छ, विश्वास छ । त्यो भर र विश्वासले नै घण्टी चिन्हमा जनताले मत ओइर्‍याइ दिएका हुन् । त्यो मतको भारी बोक्नु सजिलो छैन । बोक्न तैयार भएर अघि सरेपछि खुट्टा कमाउने मौका पनि हुनेछैन ।

हो, कि त हस्तिनापुरको राज, कि चपरीमुनीको बास । बालेन साहले हिम्मत गरेरै काठमाडौंको मेयर पदबाट झापा पुगेर कहिल्यै चुनाव नहारेका केपी ओलीसँग चुनावी प्रतिस्पर्धा गर्न अघि सरको थिए । उनको यही साहसलाई विश्वले सह्राहना गर्‍यो, नेपाली जनताले विश्वास गरे । रास्वपा झण्डै २ तिहाईको बहुमतमा मूलधारको राजनीतिमा हुनुमा पार्टी सभापति रवि लामिछाने र बरिष्ठ नेता बालेन्द्र साहको फ्यूजनले काम गरेको छ । रास्वपालाई ५ वर्ष स्थिर शासन गर्ने मौका जनताले दिएका छन् ।

०४६ सालपछिको बहुदल भ्रष्टाचारमा बहुलाएकै हो । २०६३ सालपछिको लोकतन्त्र पनि भ्रष्टाचारमै लुक्न पुगेको हो । देखाउने सुशासन थिएन बहुदल र लोकतन्त्रका शासक, प्रशासक, पार्टीहरूसँग । सुशासन दिन्छु भन्नेहरूले कुशासन दिएकै हुन् । भ्रष्ट राजनीतिमा लुटुपुटु गरेर सुशासक बन्छु भन्नेहरु कुशासक बनेकै हुन् । सुव्यवस्था कुव्यवस्था पार्टी र प्रशासकहरु मिलेर राष्ट्रलाई रूवाएकै हुन्, लुटेकै हुन् । संविधान कागजको खोस्टो बनाएकै हुन् । संसद, सांसद, सरकार, संवैधानिक निकायहरु लोकतन्त्रको मुखुण्डो लगाएर अपराधतन्त्त मच्चाएकै हुन् । यिनकै असक्षमता पटक पटक जनविद्रोह जन्मायो, गत भदौ २३ र २४ को जेनजी विद्रोहको कारक पनि यिनै भ्रष्टहरु नै हुन् ।

कुशासनका हरेक कुडाकरकड, पद्धतिका खियालाई अब फाल्नुपर्नेछ । नेता र पार्टीलाई जनताले चुनावमै पन्छाइदिएकाले, कुशासक पहाड बनेर बाधाका रूपमा उभिन सक्छन्, बालेन सरकारले यो पहाडलाई सम्याउनु छ, सुशासन ल्याउन कानुनी बिधान चलाउनैपर्छ ।

चुनावका बेलामा रास्वपाले जनताका सामु बाचापत्र सार्वजनिक गरेको थियो । जनतासँग करार पनि गरेकै हो । त्यो बाचापत्र र करार झूठा सावित नहोस्, आजको मूल प्रश्न हो यो ।

यो यक्ष प्रश्नलाई रास्वपाले, बालेन सरकारले बिर्सनु भनेको जनताबाट प्राप्त जनादेशको अपमान हुनेछ । रास्वपाको असफलता यही हुनेछ ।

३७ वर्षपछि पहिलोपल्ट राजनीतिक आकाशका अनगिन्ति काला बादलहरूभित्र चाँदीको घेरा देखिएको छ । हुन त पटक पटकको चुनावमा त्यस्तो चाँदीको घेरा देखिएकै थिए । कांग्रेसको रूखै रूख, एमालेको सूर्य नै सूर्य पनि देखिएकै हो । तर ती सबै पानीको फोका सरह देखिए, फुटे, सकिए । शेरबहादुर देउवा ५ पटक, केपी ओली ४ पटक, प्रचण्ड ३ पटक, डा.बाबुराम भट्टराई, खिलराज रेग्मी, माधवकुमार नेपाल, झलनाथ खनालहरु पनि प्रधानमन्त्री भएकै हुन् । सबैले काण्ड मच्चाए, भ्रष्टाचारमा भैंसी आहाल बसेझैं बसे । राजनीतिक परिवर्तन त भयो, जनताको जीवनस्तर झन झन खस्किदै गयो । समाजवादी, सर्वहारावादी, प्रजातन्त्रवादी सबैले आफू र आफन्तलाई बनाए, देश भताभुङ्ग पारेर सकिए । बालेन नेतृत्वको रास्वपाको सरकारले जनआशा, जनअपेक्षा, राष्ट्रको आवश्यकता सुशासन र समृद्धिको उज्यालो मार्गचित्र कोर्न सक्ला कि नसक्ला ? आजको अहं प्रश्न यही हो ।

कांग्रेसका सभापति गगन थापाले भनेका छन्- राम्रा काममा हामी पनि साथ छौं, डढेका नोटदेखि छानबिन गर, छानबिन आयोग बनाउ । जेनजीको आवाजअनुसार साथ दिन हामी पनि सहयोग गर्छौं ।

हुन त रास्वपासँग पूर्ण बहुमत छ । झण्डै दुई तिहाईको शक्ति छ । सिङ्गो मुलुक, विश्व नै साथमा देखिन्छ । मात्र शासन प्रशासन चलाउने योग्यता र क्षमता देखाउन सक्नुपर्छ । राजनीति त रास्वपाले जित्यो, कूटनीति जित्ने ल्याकत देखाउन सक्नुपर्छ ।

ठूलै उथलपुथलपछि बालेन सरकार बन्दैछ । समाजवादी कांग्रेस नराम्ररी दिग्भ्रमित छ । क्रान्तिकारी नेकपा)माओवादी) को अस्तित्व कसरी बचाउने भन्ने चिन्तामा छ । एमाले धुलोबाट उठ्छौं भन्दैछ । रास्वपाको काँधमा देश र जनताको शिरोभारोको भार आइसकेको छ, त्यसलाई जनताप्रति जवाफदेहीताका साथ कसरी पूरा गर्ने भन्ने रास्वपाको चिन्तन हुनुपर्छ, गफ गर्ने समय रास्वपासँग छैन । आज बालेन साहले सपथ खाएर मन्त्रिमण्डल गठन गरेपछि अग्निपरीक्षा सुरू हुनेछ । आज देखिनै रास्वपाले देखाएका सपना, गर्छु भनेका बाचा पूरा हुने सुरूआत हुनुपर्नेछ । बिहानीले दिनको मौसम बताएझैं आजदेखि नै रास्वपाले केही गर्छ भन्ने छनक देखाउनैपर्छ । किन कि रास्वपा र बालेन साहको यो सरकार न भूतो, न भविष्यति जस्तो हो ।

प्रजातन्त्रका व्याख्याता अब्राहम लिंकनका अनुसार चरित्र रूख हो, प्रतिभा रूखको छायाँ । बालेन नेतृत्वको सरकारले सुरूमै लोसे चरित्र देखायो भने यसको ओह्रालोयात्रा भोलिबाटै सुरू हुनेछ । जनता निराश छन्, उत्साह भर्ने आजदेखि नै हो ।

पद्धतिमा लागेको संक्रमणको अन्त्य र शान्ति बिना समृद्धि सम्भव छैन । सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्यबिना सुशासन पनि सम्भव छैन, स्थिरता पनि असम्भव नै छ । यसकारण भ्रष्टाचारको महामारीसँग लड्न, बिभेद, निषेध र प्रतिषोधले सम्भव छैन भन्ने बुझ्नुपर्छ । यो सरकारले हरेक दिन हरेक दृष्टिले देश स्वस्थ हुँदैछ भन्ने सन्देश दिनुपर्छ । बालेनका लागि यो अनुपम अवशर हो । बालेन बोल्नभन्दा काम गरेर देखाउन चाहने नेता हुन् । उनी शासनमा असली डाक्टर बन्लान् र रोगको जरो पत्ता लगाएर देशलाई स्वस्थ बनाउने ओखतीमूलो गर्लान् भन्ने छ । शक्तिमान सरकारको नेतृत्व गरेका बालेनले जनविश्वासको शक्तिलाई सुशासनमा रूपान्तरण गर्ने ल्याकत देखाएमा जेनजी पुस्तामा उनी अझ ख्यातीमा जम्नेछन् । राजनीति र प्रशासनमा जमेर बसेको माफियाकरणलाई दूधको झिङ्गो मिल्काएझैं मिल्काउन रास्वपाको सम्पूर्ण शक्ति देखिनुपर्ने बेला यही हो । यसैमा सुशासनको अभिष्ट पूरा हुनेछ ।

भाषण मीठा, गुलिया धेरै भए । भाषणले देश बनेन । देशले काम र कामको नतिजा खोजेको छ, परिणाम खोजेको छ । दुश्चरित्र र खोक्रो भाषणले फोहर पारेको देशलाई सुशासनमा ढाल्ने साँचो बन्नुछ बालेनलाई । विद्यमान चुनौतिसँग सिंगौरी खेल्ने साहस रास्वपा र बालेन साहमा देखिनुपर्ने समय आयो ।

राजनेतामा समाज बदल्ने सोच हुनुपर्छ । राजनेताले हिमालबाट उड्ने डाँफेको जस्तो उद्देश्यमूलक बेग हान्नुपर्छ । सक्षम त्यस्तो नेतृत्वले अवशरको सदुपयोग गर्छ र राष्ट्रिय स्वार्थमा आफूलाई उभ्याएर लक्ष्यभेदन गर्छ । जसरी सिंगापुरमा लीक्वान युले आफूलाई देश निर्माणमा समर्पित गरे । त्यस्तो हुन्छ देशभक्ति, स्वाधीन नेता । नेपाल बन्न नसकेको स्वार्थको विकास भयो, नेतृत्वको विकास नभएर हो । देशमा नेता धेरै छन्, राजनेता छदैछैनन् । नेताहरु भ्रष्ट र अनैतिक भए । हाम्रा होनहार नेताका मुख शान्ति, समृद्धि र सुशासनतिर भएन, राजनीतिक अपराधकर्मतिर भयो । देश दुर्गतिको भासमा फस्यो । बालेन सरकार र रास्वपा प्लास्टिकको गुलाफजस्तो नहोस् ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

**- अभियानवाणी**

अभियान
साप्ताहिक

## सम्पादकीय

# बालेन सरकारले पुरा गर्ला त जनतासामू गरिएको बाचा

*गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते नै भएको विध्वसात्मक कार्य पछि तत्कालीन केपी ओली नेतृत्वको सरकार ढलेको थियो। भाद्र २७ गते नै राष्ट्रपति रामचन्द्र पौडेलले संविधान विपरित सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरी कार्की सरकारलाई दुई वटा म्याडेट दिनु अघि प्रधानमन्त्रीको सिफारिसमा संसद विघटन गरेका थिए। नेपालको संविधानले संसद विघटन गर्ने अधिकार स्वयम् संसद बाहेक अन्य निकायलाई दिएको छैन। राष्ट्रपतिले आवश्यकताको सिद्धान्त अनुसार संसद विघटन गरेको घोषणा गरेपनि प्रधानमन्त्रीमा कार्कीलाई नियुक्ति गर्दा संसद जिवितै रहेको थियो। सो विषय अदालतमा प्रवेश गरेको भएपनि सर्बोच्च अदालतको सम्वैधानिक इजलासमा अहिले पनि सो विषय थाती रहेकाले गर्दा अब सो विषय स्वतः निस्क्रिय भएको छ। निर्वाचन नै सम्पन्न भै त्यसको परिणाम समेत आईसकेको र सांसदहरूले शपथ समेत दिईसकेका र सरकार समेत गठन भई सकेको हुनाले अब अदालतले जे निर्णय गरेपनि त्यसको कुनै औचित्य रहेन।*

*गत फागुन २१ गते भएको संसदको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई मत ल्याएको छ। जस्मा प्रत्यक्ष निर्वाचनबाट जम्मा १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सिटको व्यवस्था गरिएकोमा रास्वपाले १ सय ६५ मध्येको १ सय २० र समानुपातितर्फको ११० सिट मध्येको ५७ सिट गरी जम्मा १ सय ८२ सिटमा जित हाँसिल गरेको छ। संसदमा दुई तिहाई मत पुग्न १ सय ८४ सांसदको आवश्यकता हुन्छ। रास्वपालाई २ तिहाई पुग्न मात्र २ सिट कमी रहेको छ। रास्वपाका वरिष्ठ नेता बालेन साहले आज शुक्रबार प्रधानमन्त्रीको सपथ लिएका छन्। उनैको नेतृत्वमा रास्वपाको एकल सरकार निर्माण हुने भएको छ। मुलुकका पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमालेसहितका अन्य राजनीतिक दलहरूको यस पटकको निर्वाचनमा हार भएको छ। त्यसको एउटै कारण हो भाद्र २३ र २४ गतेको घटनाक्रम।*

*भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै भाद्र २४ गतेको विध्वसात्मक घटना गराएको गौरीबहादुर कार्की नेतृत्वको आयोग र राष्ट्रिय मानव अधिकार अयोगले गरेको अनुसन्धानमा उल्लेख गरिएको छ। भाद्र २३ गतेको विरोध प्रदर्शन गर्ने जेनजीहरूको मुख्य माग सुशासन र भ्रष्टाचार नियन्त्रण थियो। तर भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शन समाप्त भएको घोषण पश्चात् काठमाडौंको बानेश्वरमा जे जस्ता घटनाहरू घटाइए त्यसमा संलग्न भएका व्यक्तिहरू नै रास्वपामा प्रवेश गरेर सांसद बनेका छन्। कार्की आयोगले भाद्र २४ गतेको घटनाको छानविन हुनुपर्ने प्रतिवेदन फागुन २४ गते प्रधानमन्त्री सुशिला कार्कीलाई बुझाएको भएपनि त्यो सार्वजनिक भई नसकेको भएपनि संसद सचिवालयको लाइब्रेरीमा प्रतिवेदन राखिएको छ।*

*रास्वपाका वरिष्ठ नेता बालेन साहले भाद्र २३ गतेपछि स्टाटसमार्फत विभिन्न अभिव्यक्ति दिएका थिए। त्यसको केही समय अघि नै उनले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाई दिन्छु भन्ने अभिव्यक्ति स्टाटसमार्फत दिएका थिए। अहिले उनै साह प्रधानमन्त्री बनेका छन्। के अब भाद्र २३ र २४ गतेको घटनामा संलग्न रहेका रास्वपाका सांसद र अन्य व्यक्ति वा अन्य पार्टीमा संलग्न रहेको व्यक्तिहरूमाथि साह सरकारले कानुनी कारबाही गर्दछन् भन्ने प्रश्न समेत उठेको छ। रास्वपाका केही नेताहरूले सरकार नै नबन्दै सम्वैधानिक निकाय राजदूत उच्च पदस्थ कर्मचारीहरूलाई राजिनामा दिन संकेत गरिसकेका छन्। सम्वैधानिक निकायका प्रमुख र सदस्यहरू अनि राजदूतहरू सम्वैधानिक निकायबाट नियुक्त भएकाले उनीहरूलाई तत्काल राजिनामा दिन उर्दी जारी गर्नुले राजनीतिक दलहरूमा विवाद उपन्न हुन सक्छ। कसैले स्वच्छाले राजिनामा दिएमा त्यो ठीक हो तर समयावधि बाँकी रहेको बेला जबरजस्ती राजिनामा माग्नु कुन सुशासन अर्न्तगत पर्दछ ?*

*अब रास्वपाले धम्की, डरत्रास देखाएर होइन आफ्नो व्यवहारबाट जनतालाई खुसी पार्न सक्नुपर्दछ। हिजोका पुराना दलहरूले केही गरेनन् भन्ने हरूले अब निर्वाचनका बेला आफूहरूले जनतालाई दिएका आश्वासनहरू र रास्वपाको घोषणापत्रमा उल्लेख गरिएका बाचाहरू पूरा गर्नुपर्दछ। सुशासन, भ्रष्ट्राचार नियन्त्रण महंगी, अन्याय र अन्यौल रहेको अहिलेको अवस्थामा सरकार एक्लै अघि बढ्न खोजेको खण्डमा र अन्य राजनीतिक दलहरूलाई गाली मात्र गरेर नत सुशासन कायम हुन सक्छ नत भ्रष्ट्राचार नियन्त्रण नै। बालेन सरकारले अब आफूले १०० दिनभित्रमा यि यि काम गर्नेछु भनेर जनतालाई आश्वास्त पार्न सक्नुपर्दछ। रास्वपाले आफुनो घोषणापत्रलाई करारपत्र भनेको छ र त्यही करारपत्रमा उल्लेख भएका विषयहरू क्रमश पूरा गर्दै जानुपर्दछ। सडकमा बसेर कराएको जस्तो हुन सक्दैन सरकार सञ्चालन गर्न।*

*अहिले भै रहेको सरकारी संरचनालाई आवश्यक मात्रामा फेरबदल गर्न सकिने भएपनि संरचना नै खारेज गर्न सकिने अवस्थामा बालेन सरकार जान सक्ने सम्भावना नदेखिएकाले अब अन्य राजनीतिक दल र जनताले करिब १०० दिनको बालेन सरकारको काम कारबाहीलाई हेरेर मात्र विरोध वा समर्थन गर्नुपर्दछ भन्ने हामीले ठानेका छौं।*

# संविधान होइन, नेता सुध्रिनुपऱ्यो अब

**बलराम केसी**

तत्कालीन सरकारबाट आन्दोलनमा उत्रेका युवा विद्यार्थीको हत्या गरेपछि जेन-जी आन्दोलनको बलमा गठबन्धन सरकार ढल्यो । राष्ट्रपतिको सक्रियतामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो । सो सरकारले २१ फागुनमा आमचुनाव गरायो । चुनावले रास्वपालाई दुईतिहाइनिकट बहुमत दियो । जेन-जी आन्दोलनपछि राष्ट्रपतिले धारा ७६ र १३२ हेरेर बसेको भए संविधान नबच्ने र संकटकाल लाग्ने अवस्था थियो । तत्कालका लागि अप्रिय तर राष्ट्रहितका लागि आवश्यक धारा ६१(४) का आधारमा राष्ट्रपति सक्रिय हुनुभयो । त्यसैका कारण चुनाव सम्पन्न भयो । संविधान ट्र्याकमा आयो ।

जेन-जी आन्दोलनको पहिलो उपलब्धि संसद् विघटन हो । संसद् विघटनको उपलब्धि आमचुनाव हो । आमचुनावको उपलब्धि पुराना दलको पराजय र रास्वपाको सरकार गठन हो । नयाँ सरकारप्रति आमनेपालीको समर्थन छ । बन्दै गरेको सरकारसित झन्डै दुईतिहाइको बहुमत छ । यस्तोमा विपक्षी कमजोर छ भन्ने मदमा सत्ताको दुरूपयोगतिर लाग्यो भने ऊ असफल हुने पक्का छ । 'सुशासन' दिएर, 'भ्रष्टाचार' नियन्त्रण गरेर तथा कार्की आयोग र मानव अधिकार आयोगले दोषी देखाएका पात्रलाई कारबाही गरियो भने सरकार पनि सफल हुनेछ र जेन-जी आन्दोलनका सहिदप्रति पनि न्याय हुनेछ ।

सुधार संविधानमा होइन, नेतामा : गणतन्त्रको ११ वर्षमा पालैपालो उनै अनुहार पटक-पटक दोहोरिँदै, तेहरिँदै प्रधानमन्त्री बने । भ्रष्टाचार र आफ्नो अक्षमतालाई तिनले कहिल्यै स्विकारेनन् । आफ्नो अक्षमता र असफलता लुकाउन संविधानलाई दोष दिए । संविधान संशोधनको नारा दिएर जनताको ध्यान मोड्ने प्रयास गरे । जनतालाई झुक्याएरै ११ बर्ष शासन गरे । तर, रास्वपाले यही संविधानबाट झन्डै दुईतिहाइ बहुमत ल्याएर यही संविधानबाटै पनि पाँच वर्ष स्थिर सरकार दिन सकिन्छ भन्ने देखाइदियो । झन्डै पाँच दर्जन देशमा संसदीय व्यवस्था छ । संसदीय व्यवस्थाको आभारभूत संरचना भनेकै सरकार संसद्प्रति उत्तरदायी हुने व्यवस्था हो, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री होइन । बेलायत संसदीय व्यवस्थाको जन्मदाता हो ।

नयाँ सरकारले लोकतन्त्रमा शासन व्यक्तिबाट होइन, कानुनबाट चल्छ भन्ने बुझ्नुपऱ्यो । संसदीय संस्कारअनुरूप चल्नुपऱ्यो । नियुक्तिमा भागबन्डा र भनसुन बन्द गर्नुपऱ्यो । सुशासन दिनुपऱ्यो । रोजगारी सिर्जना गर्नुपऱ्यो ।

जापान, भारत, पश्चिम युरोप, स्क्यान्डिनेभियन देश, अस्ट्रेलिया, न्युजिल्यान्डलगायत देशमा संसदीय व्यवस्था छ । ती देशले प्रधानमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित हुनुपर्छ भनेनन् । संसदीय व्यवस्थाको आधारभूत संरचनाविपरीत यहाँ भने अमेरिकाको राष्ट्रपतीय प्रणालीअनुरूप प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री चाहियो भनिँदै छ । केही महिनाअघि जापानमा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को प्रधानमन्त्री फुमियो किसिदा हुनुहुन्थ्यो । लोकप्रियता घट्यो भनेर उहाँले प्रधानमन्त्री र दलको नेता दुवैबाट राजीनामा गरेर नयाँ अध्यक्षका लागि बाटो खोलिदिनुभयो । साने ताकायिची दलकी नेता बन्नुभयो । दुईतिहाइ बहुमतले प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो । हाम्रा भने प्रधानमन्त्रीको लोभले विधानमा राखिएको ७० वर्षे उमेरको हद र दुईपटकको पदावधिको सीमा पनि हटाउँछन् । चुनावअगाडि दुईतिहाइ बहुमत आउँछ भनेर हल्ला गर्छन् । नराम्रो पराजय व्यहोर्नुपर्दा पनि राजीनामा गर्दैनन् । नैतिकता र इमानदारीविहीन छन् । संविधानलाई दोष दिएर दुनियाँ हसाउँछन् ।

संविधान संशोधन गर्नुपर्दैन भन्ने लेखकको भनाइ होइन । प्रधानमन्त्रीको पदावधि दुईपटक, शैक्षिक योग्यता, संघीयता, संवैधानिक परिषद्, न्यायपरिषद्, न्यायपालिका, संवैधानिक निकायलगायत कतिपय विषयमा संशोधन आवश्यक छ । रास्वपाको झन्डै दुईतिहाइ बहुमतले गर्दा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीका लागि संविधान संशोधन चाहिँदैन भनिएको हो । संविधान संशोधनले संविधान सुध्रन्छ, तर त्यसले नेता सुधार्दैन । नेपालको आवश्यकता नेताको सुधार हो, संविधानको होइन । संविधान संशोधन गरेर टाउकाको रोगमा पेटको उपचार नगरौँ ।

संकटलाई सर्वोच्च अदालतले बचायो : सर्वोच्च अदालतले कानुनलाई आफ्नो बाटो लिन दिएर संवैधानिक संकट टाऱ्यो । चुनाव हुन नसकेको भए संविधान र राजनीतिमा संकट आउने थियो । संसद् विघटन र सुशीला कार्कीलाई प्रधानमन्त्री बनाएकामा दुई दलले 'जुडिसियलाइजेसन अफ पोलिटिकल इस्यु' बनाए । मान्य सिद्धान्तअनुसार विवाद 'सबजुडाइस' भए पनि चुनाव सम्पन्न भएर नयाँ सरकार गठन भइसकेकाले अब दुई दलको रिटमा जोकोहीले धारा १७ (१) को वाक् तथा प्रकाशन स्वतन्त्रता प्रयोग गर्न सक्छ । निर्वाचनअगाडि फैसला गर्न एक नेताले अप्रत्यक्ष दबाब पनि दिए । नेताले बोलेका कुरा वाक् तथा प्रकाशन स्वतन्त्रता नाघेर अदालतको अवहेलनाको लक्ष्मणरेखाभित्र छिर्ने खालको थियो । निर्वाचन सफलतापूर्वक सम्पन्न भएर धारा ७६(१) को सरकार गठनमा सर्वोच्च अदालतको भूमिका महत्वपूर्ण छ ।

रिट २ 'वर्ग'को थियो । एउटा संविधान र कानुनको व्याख्या देख्न चाहने- बौद्धिक वर्ग । अर्को 'वर्ग' संसद् पुनर्स्थापना गराएर सातबुँदे सम्झौताबाट पाएको बाँकी दुई वर्ष पुनः प्रधानमन्त्री बन्ने स्वार्थी सोचका थिए । तिनलाई व्याख्याको मतलब थिएन । सर्वोच्चले अग्राधिकार र अन्तरिम आदेश दुवै दिएन । सन्तुलन र पुग्ने क्षति हेरेर दिने वा नदिने अदालतको स्वविवेकमा सर्वोच्च डगेन ।

संसद् पाँचवर्षे कार्यकाल पूरा गरेपछि वा सरकार असफल भयो भने विघटन हुन्छ । २३ र २४ भदौको घटना सरकारको अक्षमता र असफलताको प्रमाण थियो । संसद्बाट अर्को सरकार गठन सम्भव थिएन । संसद् विघटन गरेर पूर्वप्रधानन्यायाधीशको प्रधानमन्त्रीत्वमा सरकार गठन गर्नुपऱ्यो । चुनावको मिति पनि तोकियो । संसद् विघटन हुनासाथ सरकार गठन भयो । लगत्तै २१ फागुनमा आमचुनाव हुने मिति तोकियो । संसद् विघटनको प्रभावकारी उपचार आमचुनाव नै हो ।आमचुनाव 'पोलिटिकल प्रोसेस' हो भने रिट 'जुडिसियल प्रोसेस' हो । दुई दलका तर्फबाट अति विलम्ब गरेर 'आए आँप गए झटारो' शैलीमा दुई रिट परे । रिट दर्ता पनि गर्नु र निर्वाचन पनि लड्नस, रिटको सिद्धान्तविपरीत थियो । रिट कायम राख्नेले चुनाव लड्न हुँदैनथ्यो ।

संसद् विघटनलाई गलत भन्ने हो भने गलत निर्णयको फाइदा लिन नपाइने रिटको मान्यता हो । संसद् विघटनले पाँच वर्ष प्रधानमन्त्री बनिरहन पाउने र नपाउँदा हक हनन भएको मान्ने हो भने त्यस्तो हनन भएको हकको प्रचलन गराउने अन्य उपचारको व्यवस्था गरिएको हुनुहुँदैन वा भए पनि पाउने उपचार अपर्याप्त र अप्रभावकारी हुनुपर्छ । चुनाव संसदीय राजनीतिमा संसद् विघटनविरूद्धको प्रभावकारी र पर्याप्त उपचार तथा 'पोलिटिकल प्रोसेस' हो । निर्वाचनको मितिसमेत तोकेको देखेर हुन सक्छ, सर्वोच्चले 'जुडिसियल प्रोसेसबाट पोलिटिकल प्रोसेस' मा हस्तक्षेप गर्न आवश्यक देखेन । चुनाव प्रभावकारी उपचार भएकाले रिटलाई नियमित प्रक्रियामा पठाएर 'कानुनले आफ्नो बाटो लिन्छ' भन्ने मान्य सिद्धान्तमा सर्वोच्च अड्यो ।

सर्वोच्चले संविधानको मर्म र भावनाअनुसार कानुनलाई आफ्नो बाटो लिन दिएर वर्षौंअगाडि परेका अन्य निवेदनको पालो नमिची सराहनीय काम गऱ्यो । चुनावजस्तो पोलिटिकल प्रोसेसमा सर्वोच्च बाधक नबनी, नयाँ संसद् गठन गरेर, चुनावमार्फत रिट निवेदक दलका नेतालाई पुनः प्रधानमन्त्री बन्ने अवसर दिएकै हो । तर, जनताले पत्याएनन् त के गर्नु ? बरू अन्य विचाराधीन मुद्दालाई उछिनेर दुई दलको निवेदनलाई अग्राधिकार दिएको भए पालो कुरिरहेका अन्य निवेदकमाथि अन्याय हुने थियो । त्यसैले, विघटनविरूद्ध परेको रिटमा सर्वोच्चको स्वविवेकलाई सराहना गर्नुपर्छ ।

रास्वपा युवा पुस्ताको नयाँ दल हो । नेतृत्वको अकर्मण्यताका कारण पुराना दुई दलदेखि जनता निराश थिए । रवि लामिछाने नेतृत्वको रास्वपा र काठमाडौंका पूर्वमेयर बालेन्द्र शाहको मिलन खुसीको कुरा हो । उनीहरूलाई जनताले विश्वास गरेका छन् । बालेन शाह प्रधानमन्त्री बन्ने र लामिछानेले पार्टी सञ्चालन गर्ने भनिएको छ । यतिखेर रास्वपाको उदयले पुराना नेताको होस गुम भएको छ । रास्वपाको झन्डै दुईतिहाइको बहुमत र एमालेको लज्जास्पद हारले गर्दा अब संसद् घेराउ, संसद् बहिष्कार र संसद्भित्र हंगामा नहोला । संसद्भित्रका ती नाटक अब माइतीघर मण्डलामा सरेर जुलुस, चक्काजाम, नेपाल बन्दजस्ता असंवैधानिक र असंसदीय कार्य भने नहोला भन्न सकिन्न ।

सम्भावित त्यस्ता अवरोधको सामना संविधान र कानुनले गर्दैन । भ्रष्टाचार नियन्त्रण र सुशासनले गर्छ । रास्वपाका सांसद युवा र नयाँ छन् । कतिपय सांसदमा संसदीय अभ्यास र अनुभव नहुन सक्छ । सांसद र मन्त्रीको हैसियतले कार्य सम्पादन विवादित बन्न सक्छ । तर, उनीहरूको निष्ठा, स्वच्छता र इमानदारीमा शंका गरिँदैन । आमनेपालीको विश्वास डगमगाउन दिनुभएन । दिने हो भने आज पराजित भएका तत्व पुनः सल्बलाउन थाल्नेछन् ।

नयाँ सरकारले रचनात्मक काम गरेर देखाउनुपर्छ । बहुमत छ, विपक्षी कमजोर छ, कार्यकाल पाँच वर्ष बाँकी छ, अविश्वासको प्रस्ताव ल्याउन सक्दैनन् भन्ने सोच बन्यो भने सत्ताको उन्मादमा गलत काम पनि हुन सक्छ । 'पावर करप्ट्स'ले छुनु भएन । भ्रष्टाचारमा पुराना दलले अपनाएको 'कम्पेन्सेटोरी जुडिसप्रुडेन्स सिन्ड्रोम'ले छोएर अगाडिकाले त भ्रष्टाचार गरेकै हुन्, हामीले चाहिँ किन नहुने भन्ने सोच विकास हुनुभएन ।

अन्त्यमा, नयाँ सांसद र दलका नेताले संवैधानिक अभ्यास पालना गर्नुपऱ्यो । लोकतन्त्रमा शासन व्यक्तिबाट होइन, कानुनबाट चल्ने हो भन्ने सम्झनुपऱ्यो । सबै संसदीय संस्कारअनुरूप चल्नुपऱ्यो । दल 'पार्टी कल्चर'मा चल्नुपऱ्यो । नियुक्तिमा भागबन्डा र भनसुन बन्द गर्नुपऱ्यो । सुशासन दिनुपऱ्यो । रोजगारी सिर्जना गर्नुपऱ्यो । रोजगारी सिर्जनाका लागि सरकारले औद्योगिक, व्यापारिक र अर्थशास्त्रीको समूहलाई बोलाएर आयकर तपाईंहरूले तिर्नुपर्छ, तर तपाईंहरूले चाहेका मनासिब सुविधा र अवधिमा उद्योग सञ्चालन गर्न के-कस्ता सहुलियतका कानुन चाहिन्छन्, आफैँ मस्यौदा गरेर ल्याउनुहोस्, हामी कानुन बनाइदिन्छौँ भन्न सक्नुपऱ्यो ।

गिरिबन्धु, भुटानी शरणार्थी, गोकर्ण रिसोर्ट, ओम्नीजस्ता दर्जनौं भ्रष्टाचारका फाइल खोल्नुपऱ्यो । शक्ति पृथकीकरणको सिद्धान्तलाई कडाइसाथ पालना गर्नुपऱ्यो । नियुक्तिमा 'राइट म्यान इन द राइट प्लेस' हुनुपऱ्यो र बितेका सरकारले गरेका ज्यादती, गल्ती र मनपरीलाई सच्याउनुपऱ्यो । साथै, आफूले त्यस्तो गल्ती दोहोऱ्याउनुभएन । कार्की आयोग र मानव अधिकार आयोगको प्रतिवेदनले दोषी देखाएका सबैलाई डटेर कानुनअनुसार कारबाही गर्नुपऱ्यो । अवश्यै सफल भइन्छ । *- नयाँ पत्रिका*

# अबको अर्थ–राजनीतिक बाटो

भोजराज पौडेल

सम्पन्न मुलुकको नागरिक हुने दुई उपाय छन् । कि त मुलुक छाडेर सम्पन्न मुलुकको नागरिकता लिनका लागि प्रयत्न गर्ने । वा, आफ्नै, जन्मेको मुलुक, 'मूल थलो' लाई सम्पन्न बनाउने । छाडेर जानेका लागि सयौं विकल्प होलान् । तर आफ्नै 'मूल थलो', जन्मेको मुलुकमा बस्न चाहने वा बाध्यतामा परेकाहरूका लागि एउटै बाटो छ– मुलुक निर्माण गर्ने । त्यसकारण होला, खासगरी काठमाडौं र अन्य सहरका हरेक चोक र चिया पसलमा 'मुलुक बनाउन' हिडेका नेपाली भेटिन्छन् । ती सबैको एउटै उद्देश्य भेटिन्छ– देशको विकास गर्ने । यो देश बनाउने ।

देशको विकास गर्ने जोस र जाँगरका साथ नयाँ पुस्ताले पुराना दल, नेता, संरचना र पद्धतिलाई चुनौती दिंदै आन्दोलन गर्‍यो । 'जेन–जी विद्रोह' का नामले चिनिने उक्त आन्दोलनपश्चात् सम्पन्न भएको आमनिर्वाचनले नयाँ जनादेश दिएको छ । उक्त जनादेशको आधारमा गठन हुने सरकारको नेतृत्व राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहले गर्नेछन् । उनका जिम्मेवारी धेरै छन् । तर प्रमुख जिम्मेवारी यी चोक र चिया पसलमा भेटिनेहरूलाई काम दिने र उनीहरूको उद्देश्य पूरा गर्नमा सहजीकरण गर्ने हो ।

अहिलेको तुलनामा मुलुकलाई कति सम्पन्न बनाउन चाहेको हो– त्यो त राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो वाचा पत्र-२०८२ मा लेखेको छ । त्यही नै लिएर जनतामा गयो । त्यसैका लागि झण्डै दुईतिहाइ बहुमतको नजिक हुनेगरी जनताले भोट दिए । तर कस्तो मुलुक बनाउन खोजेको हो ? यो प्रश्नको जवाफ भने रास्वपाले वाचापत्रमा खुलाएको छैन । मुलुक निर्माणको वाचासहित अगाडि बढेर आज प्रधानमन्त्रीको पदमा आसीन हुन लागेका बालेन्द्र शाहले मुलुकलाई दिने नेतृत्वले विकासको स्वरूप निर्धारण गर्नेछ । त्यही स्वरूपले मुलुक कस्तो बन्दैछ भन्ने बताउनेछ ।

तर विश्व व्यवस्थामा देखिएका दरार र अशान्त बन्दै गएका कारण मानव समुदायले एकैसाथ धेरै चुनौतीको सामना गरिरहेको छ । यो वैश्विक सन्दर्भमा मुलुकलाई अगाडि बढाऊन र अपेक्षित नतिजा दिन जो कसैलाई कठिन हुन्छ । यही कठिनाइलाई ध्यानमा राखेर विकासको 'स्वरूप' स्पष्ट पार्नु आजको पहिलो नीतिगत काम हो ।

तर विश्व व्यवस्थामा देखिएका दरार र अशान्त बन्दै गएका कारण मानव समुदायले एकैसाथ धेरै चुनौतीको सामना गरिरहेको छ । यो वैश्विक सन्दर्भमा मुलुकलाई अगाडि बढाऊन र अपेक्षित नतिजा दिन जो कसैलाई कठिन हुन्छ । यही कठिनाइलाई ध्यानमा राखेर विकासको 'स्वरूप' स्पष्ट पार्नु आजको पहिलो नीतिगत काम हो ।अस्पष्ट विकासको अवधारणा र अवलम्वन गरिने नीतिले स्रोत छरिन्छ, प्राथमिकता बिग्रिन्छ, र अन्ततः जनादेशको भरोसा कमजोर हुन्छ । रूस–युक्रेन युद्ध, इजरायल–गाजा युद्ध, अमेरिका–इजरायल–इरान तनावजस्ता घटनाले ऊर्जा, खाद्यान्न, ढुवानी र बीमाको लागतमार्फत आयात–निर्भर अर्थतन्त्रमा दबाब बढाउँछन् । यस्ता झट्काले नेपालजस्तो देशलाई 'मूल्यवृद्धि' र 'भुक्तानी सन्तुलन' दुवै कोणबाट च्याप्न सक्छ ।तर बाह्य जोखिमलाई कारण बनाएर भित्रको कमजोरी ढाक्न मिल्दैन ।

नेपालको मूल चुनौती युद्ध वा भू–राजनीति होइन । मूल चुनौती दीर्घकालीन रूपमा उत्पादनशीलता बढाउन नसक्नु, निर्यात कमजोर हुनु, रोजगारीको गुणस्तर र संख्या अपर्याप्त हुनु र सेवा–डेलिभरी तथा संस्थागत विश्वसनीयता कमजोर हुनु हो । बाह्य झट्काले यी कमजोरीलाई छिटो सतहमा ल्याइदिन्छ मात्र । त्यसैले आजको सन्दर्भमा 'विकास' भनेको थप बजेट खर्च गर्ने अभ्यास मात्र होइन । राज्यको कार्यक्षमता बढाउने, निजी लगानीलाई चलायमान बनाउने र अर्थतन्त्रलाई आयात–उपभोगबाट उत्पादन–निर्याततर्फ क्रमिक रूपमा सार्ने रणनीति हुनुपर्छ ।

हाम्रो आर्थिक संरचना हेर्दा केही प्राथमिक तथ्यहरूमाथि ध्यान दिनुपर्छ । पहिलो, रोजगारीको ठूलो हिस्सा अनौपचारिक क्षेत्रमा छ । अनौपचारिकता उच्च हुँदा कर–आधार साँघुरिन्छ । श्रमिक सुरक्षा कमजोर हुन्छ । र उत्पादकत्व बढ्ने गति सुस्त हुन्छ । दोस्रो, वैदेशिक रोजगारी र रेमिट्यान्सले 'घरधुरी खर्च' धानेको छ । तर यसले घरेलु श्रम बजारबाट उर्जाशील श्रम बाहिरिने र घरेलु उत्पादन प्रणाली कमजोर बनाएको छ । तेस्रो, व्यापार घाटा हाम्रा लागि दीर्घकालीन चिन्ताको विषय हो । किनकि आयात संरचना धेरै हदसम्म उपभोग र इन्धन/कच्चा पदार्थमा केन्द्रित रहादा वैदेशिक मुद्रा व्यवस्थापन सधैं संवेदनशील हुन्छ । चौथो, सार्वजनिक खर्चको ठूलो हिस्सा चालु प्रकृतिको छ । पूँजीगत खर्चको गुणस्तर र कार्यान्वयन कमजोर छ । परियोजना व्यवस्थापनमा समस्या दोहोरिरहन्छ । पाँचौं, उद्यम र लगानीलाई रोक्ने प्रमुख अवरोध पूँजी मात्र होइन । नीतिगत अनिश्चितता, अनुमति प्रक्रियाको ढिलाइ, नियामक निकायको मनपरी, भूमि र ठेक्का व्यवस्थापनमा अस्पष्टता र विवाद समाधानमा कमजोर क्षमता पनि हुन् । यी तथ्यहरूलाई स्वीकार नगरी 'देश विकास हुन्छ' भन्नु लक्ष्यको घोषणा मात्र हुन्छ । योजना हुँदैन ।

त्यसैले नयाँ नेतृत्वले विकासका लागि तीनवटा मापनयोग्य प्रश्नलाई व्यवहारिक रूपमा सम्बोधन गर्नुपर्छ । पहिलो, आगामी १८–२४ महिनामा अर्थतन्त्रको उत्पादकत्व र लगानी वातावरण सुधार गर्न कुन–कुन अवरोध हटाइन्छ, कसले हटाउँछ र त्यसको मापन कसरी हुन्छ ? दोस्रो, आगामी ३–५ वर्षमा निर्यात र पर्यटनबाट वैदेशिक मुद्रा आम्दानी बढाउन कुन–कुन क्षेत्रलाई प्राथमिकता दिइन्छ र निजी क्षेत्रसँगको साझेदारी मोडेल के हुन्छ ? तेस्रो, आगामी ५–१० वर्षमा मानव पूँजी (शिक्षा, सीप, स्वास्थ्य) र संस्थागत क्षमता (न्याय, नियमन, सार्वजनिक सेवा) सुधार गरेर 'देशमै अवसर' को विश्वसनीय आधार कसरी बनाइन्छ ? यी प्रश्नहरूको उत्तर बिना विकास बहस भावनात्मक हुन्छ । उत्तरसहितको बहस प्राविधिक हुन्छ । त्यसकारण प्राविधिक बहसलाई राजनीतिले डोर्‍याउनुपर्ने हुन्छ ।

लगानी र निजी क्षेत्रको भूमिकामा स्पष्टता सबैभन्दा निर्णायक छ । विगतमा धेरैपटक राज्यले 'निजी क्षेत्रले गर्दैन' भन्दै राज्यकै स्वामित्व र राज्यकै कार्यान्वयनमा परियोजना बढाउने प्रवृत्ति देखिन्छ । तर, राज्यको परियोजना व्यवस्थापन क्षमता सीमित हुँदा लागत बढ्ने, समय लम्बिने, गुणस्तर घट्ने र विवाद बढ्ने समस्या छन् । यसको विकल्प निजीकरण मात्र होइन । विकल्प 'भूमिका विभाजन' हो । राज्यले नियम बनाओस् ।

डिजिटल रूपान्तरणको अर्थ वेबसाइट बनाउनु होइन । यसको अर्थ एकैपटक तीन काम गर्नु हो । पहिलो, डेटा–आधारित निर्णय (कुन सेवामा भीड, कहाँ ढिलाइ, किन ढिलाइ) । दोस्रो, नागरिक–केन्द्रित डिजाइन (कम चरण, कम कागजात, स्पष्ट अवस्थिति) । तेस्रो, अनुगमन र अडिट (कसले कति फाइल रोकेको, किन रोकेको) । यसलाई नतिजासँग जोड्न सकेनौं भने डिजिटाइजेसन पनि कागजकै अर्को रूप बन्छ ।निष्पक्ष नियमन गरोस् । सार्वजनिक वस्तु र सामाजिक क्षेत्रमा लगानी गरोस् । र निजी क्षेत्रलाई प्रतिस्पर्धी ढंगले उत्पादन, सेवा, नवप्रवर्तन र रोजगारी सिर्जनामा चल्ने वातावरण देओस् । लगानीकर्ताले माग गर्ने विषय सरल छन् । अनुमति छिटो, करका नियम स्थिर, नीतिगत परिवर्तन पूर्वानुमेय, ठेक्का र न्यायिक प्रक्रिया विश्वसनीय र आधारभूत पूर्वाधार (ऊर्जा, सडक, डिजिटल कनेक्टिभिटी) पर्याप्त हुन् भन्ने नै उनीहरूका माग हुन् । यी माग र शर्त पूरा गर्न सबैभन्दा पहिले प्रशासनिक सुधार चाहिन्छ । किनकि धेरै अवरोध मन्त्रालयगत निकाय, तिनका काउन्टर र फाइलको यात्रामा हुन्छन् ।

सेवा–डेलिभरी सुधारलाई 'सुधार' को भाषणबाट निकालेर 'प्रक्रिया' को प्राविधिक काममा लैजानुपर्छ । हरेक प्रमुख सेवामा नागरिकले कति चरण पार गर्नुपर्छ, कति कागजात चाहिन्छ, कति शुल्क लाग्छ, कति समय लाग्छ र ढिलाइ भएमा को जवाफदेही हुने ? यी कुरा सार्वजनिक, मानकीकृत र पारदर्शी हुने बन्यो भने भ्रष्टाचारको स्थान आफैं साँघुरिन्छ । धेरै साना भ्रष्टाचारहरु प्रक्रियाको अस्पष्टता र निर्णयको व्यक्तिकेन्द्रिततताबाट जन्मिन्छन् ।

यसलाई घटाउने सबैभन्दा प्रभावकारी उपाय मानकीकरण, डिजिटाइजेसन र समयसीमा–आधारित जवाफदेहीता हो । डिजिटल रूपान्तरणको अर्थ वेबसाइट बनाउनु होइन । यसको अर्थ एकैपटक तीन काम गर्नु हो । पहिलो, डेटा–आधारित निर्णय (कुन सेवामा भीड, कहाँ ढिलाइ, किन ढिलाइ) । दोस्रो, नागरिक–केन्द्रित डिजाइन (कम चरण, कम कागजात, स्पष्ट अवस्थिति) । तेस्रो, अनुगमन र अडिट (कसले कति फाइल रोकेको, किन रोकेको) । यसलाई नतिजासँग जोड्न सकेनौं भने डिजिटाइजेसन पनि कागजकै अर्को रूप बन्छ ।

रोजगारी सिर्जनालाई दुई तहमा हेर्नुपर्छ । छिटो परिणाम आउने रोजगारी र दीर्घकालीन संरचनागत रोजगारी । छिटो परिणाम आउने रोजगारीका लागि निर्माण, पर्यटन, सेवा–क्षेत्र र कृषि–प्रसंस्करणमा लक्षित कार्यक्रममा बढी जोड दिनुपर्छ तर 'कार्यक्रम' को केन्द्रमा निजी माग हुनुपर्छ, सरकारी सूची होइन । दीर्घकालीन रोजगारीका लागि औद्योगिकीकरणको आधुनिक अर्थ बुझ्नुपर्छ । अहिलेको उद्योग केवल ठूला कारखाना होइन । यो एग्रि–प्रोसेसिङ, हल्का निर्माण, औषधि/हाइजिन उत्पादन, फर्निचर, कपडा/गार्मेन्ट, डिजिटल सेवाजस्ता विविध संयोजन हो । नेपालले आफ्नो तुलनात्मक लाभ कहाँ छ भनेर छनोट गर्नुपर्छ । ऊर्जा उपलब्धता, श्रम लागत, क्षेत्रीय बजार पहुँच, कच्चा पदार्थ र ब्रान्डिङ क्षमता जहाँ मिल्छ, त्यहीँ 'क्लस्टर' विकास गरेर मात्र स्केल आउँछ । सबै जिल्लामा एउटै उद्योग उस्तै ढंगले सम्भव हुँदैन । देशले आफ्नो औद्योगिक नक्सा बनाउने समय आएको छ ।

निर्यात र वैदेशिक मुद्रा आम्दानी बढाउन नेपालको परम्परागत चुनौती 'उत्पादन लागत' र 'लोजिस्टिक्स' हो । सडक र बन्दरगाह पहुँच सीमित, भन्सार र प्रमाणिकरण प्रक्रिया ढिलो, ढुवानी महंगो र गुणस्तर/मानक पूरा गर्ने क्षमता असमान हुँदा निर्यात प्रतिस्पर्धा कमजोर हुन्छ । त्यसैले निर्यात रणनीतिले दुई काम एकसाथ गर्नुपर्छ । व्यापार सहजतामा सुधार र उत्पादन क्षमताको उकासो । व्यापार सहजतामा कागजी प्रक्रिया घटाउने, जोखिम–आधारित भन्सार क्लियरन्स, प्रमाणिकरण प्रयोगशाला र मानक संस्थाको क्षमता र डिजिटल कागजात व्यवस्थापन महत्वपूर्ण हुन्छ । उत्पादन क्षमतामा चाहिँ ऊर्जा विश्वसनीयता, औद्योगिक क्षेत्र/पार्कको प्रभावकारी सञ्चालन, श्रम सीप र वित्त पहुँच आवश्यक हुन्छ । यसमध्ये धेरै विषय 'ठूलो परियोजना' भन्दा पनि 'सिस्टम' को सुधार हो र सिस्टम सुधारले निजी क्षेत्रलाई छिटो चलायमान बनाउँछ ।

पर्यटन नेपालका लागि तुरुन्तै वैदेशिक मुद्रा ल्याउने क्षेत्र हो, तर यसको दीर्घकालीन क्षमता 'भोल्युम' भन्दा 'गुणस्तर र विविधता' मा छ । केवल आगमन संख्या बढाउने लक्ष्यले भीड बढाउन सक्छ, तर प्रतिपर्यटक खर्च नबढे आर्थिक योगदान सीमित रहन्छ । ऊर्जा क्षेत्रमा नेपालसँग स्पष्ट अवसर छ, तर अवसरलाई अर्थतन्त्रमा रूपान्तरण गर्ने श्रृंखला धेरै लामो छ । उत्पादन बढ्नु, प्रसारण र वितरण सुदृढ हुनु, चुहावट नियन्त्रण हुनु, उद्योगलाई प्रतिस्पर्धी दरमा विश्वसनीय आपूर्ति हुनु र अतिरिक्त ऊर्जा क्षेत्रीय बजारमा बेच्न सक्नु– यी सबै कडी मिलेर मात्र ऊर्जा विकासले आर्थिक विकासको बाटो समात्छ । यसमा नीतिगत प्राथमिकता 'मेगावाट' भन्दा 'ग्रिड, बजार र उद्योग–लिंक' हुनुपर्छ । ऊर्जा बढी हुँदा पनि उद्योग नचल्ने वा उद्योगले चाहँदा पनि आपूर्ति अविश्वसनीय हुने अवस्था विकासको विरोधाभास हो । त्यसैले ऊर्जा योजना औद्योगिक नीति, लोड प्रोफाइल र क्षेत्रीय व्यापार सम्झौतासँग समन्वयमा जानुपर्छ ।

कृषि र खाद्य प्रणाली सुधारमा पनि विश्लेषणात्मक दृष्टिले समस्या उत्पादनभन्दा बढी 'बजार र जोखिम व्यवस्थापन' हो । किसानले उत्पादन गरे पनि मूल्य स्थिर छैन, बिचौलिया संरचना अपारदर्शी छ, भण्डारण र चिस्यानगृह कमजोर छ, गुणस्तर मापन/ग्रेडिङ प्रणाली छैन र जलवायु जोखिम बढ्दो छ । समाधान खेतमा मात्र होइन, समाधान आपूर्ति शृंखला, कृषि वित्त, बीमा र प्रसंस्करणमा छ ।

नेपालले केही उच्च–मूल्य बाली, मसला, फलफूल, जडीबुटी, डेरी, मासु/माछा र एग्रि–प्रोसेसिङलाई क्लस्टर ढंगले बढाउन सक्यो भने आयात प्रतिस्थापन र निर्यात दुवैमा योगदान हुन सक्छ । तर यो गर्न नीति–संगति चाहिन्छ । कृषि अनुदानलाई परिणाम–आधारित बनाउने, सिंचाइ र भण्डारणलाई प्राथमिकता दिने र बजार सूचना तथा खरीद–सम्झौतालगायतका संरचना सुरक्षित बनाउने काम गर्नुपर्छ । जबसम्म किसानको जोखिम घट्ने र आम्दानी स्थिर हुने संयन्त्र बन्दैन, तबसम्म 'कृषि आधुनिक बनाउने' भन्ने वाक्य केवल गफ हुन्छ ।

पर्यटन नेपालका लागि तुरुन्तै वैदेशिक मुद्रा ल्याउने क्षेत्र हो, तर यसको दीर्घकालीन क्षमता 'भोल्युम' भन्दा 'गुणस्तर र विविधता' मा छ । केवल आगमन संख्या बढाउने लक्ष्यले भीड बढाउन सक्छ, तर प्रतिपर्यटक खर्च नबढे आर्थिक योगदान सीमित रहन्छ । त्यसैले पर्यटन रणनीतिमा हवाई कनेक्टिभिटी, सेवा मानक, गन्तव्य व्यवस्थापन, वातावरणीय वहन क्षमता, र वर्षभरि चल्ने उत्पादन (माइस, साहसिक, सांस्कृतिक, स्वास्थ्य/वेलनेस, धार्मिक, ग्रामीण) मा विविधीकरण आवश्यक हुन्छ । यसले स्थानीय रोजगारी, साना व्यवसाय र कृषि–हस्तकला जस्ता पछाडिका लिंकलाई पनि चलायमान बनाउँछ ।

मानवपूँजी सुधार बिना कुनै पनि क्षेत्र टिक्दैन । शिक्षा प्रणालीको केन्द्रमा 'सीप र रोजगारयोग्यता' आउनुपर्छ, तर यसको अर्थ विश्वविद्यालयलाई मात्र दोष लगाउनु होइन । यसको अर्थ प्राविधिक तथा व्यावसायिक शिक्षा, अप्रेन्टिससिप, उद्योगसँग साझेदारी र जीवनभर सिकाइलाई संस्थागत बनाउनु हो । स्वास्थ्यतर्फ, उत्पादक जनशक्ति र गरिबी घटाउने उद्देश्यले प्राथमिक स्वास्थ्य सेवा र आर्थिक जोखिम सुरक्षा नीति महत्वपूर्ण हुन्छ । जब स्वास्थ्य खर्चले परिवारलाई ऋणमा धकेल्छ, त्यो परिवारले शिक्षा, उद्यम र उत्पादक खर्च कटौती गर्छ, यसले अर्थतन्त्रलाई मौन रूपमा कमजोर बनाउँछ । त्यसैले मानव पूँजीमा खर्चलाई 'सामाजिक' मात्र नभई 'आर्थिक उत्पादकता' को लगानी भनेर बुझ्नुपर्छ ।

वित्तीय व्यवस्थापनतर्फ सरकारले दुईवटा सन्तुलन राख्नुपर्छ । राजस्व–आधार विस्तार र खर्चको गुणस्तर । राजस्व बढाउन कर दर बढाउनेभन्दा कर आधार फराकिलो बनाउने, छली/चुहावट घटाउने र अनौपचारिकतालाई औपचारिकतामा ल्याउने रणनीति हुनुपर्छ । संस्थागत विश्वसनीयता र न्याय प्रणालीको क्षमता विकासको मौन तर निर्णायक आधार हो । व्यवसायले सबैभन्दा डर मान्ने विषय करको दर होइन । कर नियम मनपरी हुने डर हो । लगानीकर्ताले सबैभन्दा चाहने विषय अनुदान होइन । विवाद परे छिटो समाधान हुने भरोसा हो । नागरिकले सबैभन्दा चाहने विषय ठूलो भाषण होइन । सेवा सहज र व्यवहार सम्मानजनक हुनु हो । त्यसैले सार्वजनिक खरिद, नियमन, प्रहरी/प्रशासन र न्यायिक प्रक्रियामा सुधार विकासको 'साइड इस्यू' होइन, यो विकासको 'कोर इन्फ्रास्ट्रक्चर' हो । यसलाई मापन गर्न सकिन्छ । मुद्दा फछ्र्योट समय, अनुमति दिने औसत समय, भन्सार क्लियरन्स समय, ठेक्का विवाद समाधान समय, सेवा प्राप्तिको औसत चरण र नागरिक सन्तुष्टि सूचक । यस्ता सूचकहरु सार्वजनिक गरेर प्रतिस्पर्धी सुधार सम्भव हुन्छ ।

वित्तीय व्यवस्थापनतर्फ सरकारले दुईवटा सन्तुलन राख्नुपर्छ । राजस्व–आधार विस्तार र खर्चको गुणस्तर । राजस्व बढाउन कर दर बढाउनेभन्दा कर आधार फराकिलो बनाउने, छली/चुहावट घटाउने र अनौपचारिकतालाई औपचारिकतामा ल्याउने रणनीति हुनुपर्छ । खर्चतर्फ, पूँजीगत खर्च समयमै नहुने समस्या समाधान गर्न परियोजना छनोट, डिजाइन तयारी, जग्गा व्यवस्थापन, ठेक्का क्षमता र अनुगमन प्रणाली सुधार गर्नुपर्छ । 'बजेट धेरै' भन्दा 'बजेट कार्यान्वयन राम्रो' महत्वपूर्ण हुन्छ । किनकि, खराब कार्यान्वयनले ऋण बढाउँछ र नतिजा घटाउँछ । साथै, स्थानीय, प्रदेश र केन्द्रबीच समन्वय स्पष्ट हुनुपर्छ । नागरिकलाई कुन तह जिम्मेवार भन्ने बहस चाहिँदैन । उनीहरूलाई सेवा चाहिन्छ । संघीय संरचनामा भूमिका अस्पष्ट रहँदा दोहोरो खर्च, परियोजना अड्किने र जिम्मेवारीबाट भाग्ने प्रवृत्ति बढ्छ । त्यसलाई कार्यविधि, मापदण्ड र डेटा–साझेदारीमार्फत घटाउन सकिन्छ ।

अन्ततः, 'कस्तो मुलुक बनाउन खोजिएको हो' भन्ने प्रश्नलाई एउटा व्यावहारिक परिभाषामा झार्नुपर्छ । यस्तो मुलुक जहाँ काम खोज्न विदेश जानु बाध्यता नहोस् । नियम स्पष्ट र निष्पक्ष होस् । राज्यसँग सेवा दिन सक्ने क्षमता होस् । निजी लगानी सुरक्षित र प्रतिस्पर्धी होस् । उत्पादन र निर्यात बढ्ने स्पष्ट बाटो होस् । शिक्षा र सीपले रोजगारसँग जोडिएको अर्थ राखोस् । र बाह्य झट्काले नागरिकको जीवन तुरुन्तै तहसनहस नगरोस् । यस्तो मुलुक बनाउने काम न त एक वर्षमा सकिन्छ, न त नाराले पुग्छ । तर यो काम सुरू गर्ने तरिका सरल छ– प्राथमिकता तय गर्ने, प्रक्रिया सुधारलाई मापनयोग्य बनाउने र रोजगारी सिर्जनालाई सबै नीतिको केन्द्रमा राख्ने ।

चोक र चिया पसलमा 'देश बनाउने' भनेर उभिने नागरिकलाई चाहिएको विषय धेरै ठूलो होइन । उनीहरूलाई चाहिएको विषय राज्यले आफ्नो जिम्मेवारी निभाएको अनुभूति हो । समयमै सेवा, सम्मानजनक व्यवहार, अवसरका लागि निष्पक्ष मैदान र मेहनतको मूल्य हो । यही अनुभूति विस्तार हुँदै गयो भने देशभित्रै भविष्य देखिन्छ । भविष्य देखियो भने मुलुक निर्माण 'भाषण' बाट 'चलनचल्ती' मा रूपान्तरण हुन्छ । तब मात्र वाचापत्र कार्यान्वन हुनसक्ने वातावरण निर्माण हुन्छ । *- कान्तिपुर*

# पेट्रोलियम आयात नियमित तर, आपूर्ति असहज

काठमाडौं । मध्यपूर्वको तनावका बिच नेपालमा पेट्रोलियम पदार्थको आयात नियमित परिमाणमै हुँदा पनि सरकारले आपूर्तिलाई व्यवस्थित बनाउन नसक्दा बजारमा अभाव देखिएको छ । व्यापारीले लुकाउने र उपभोक्ताले बढी थुपार्ने प्रवृत्तिलाई सरकारले प्रभावकारी अनुगमनमार्फत नियन्त्रण गर्न सकेको देखिँदैन । जसले गर्दा आयात सामान्य हुँदा पनि आपूर्ति असहज भइरहेको उपभोक्तावादीले बताएका छन् ।

अमेरिका-इजरायल र इरानबिचको युद्धले मध्यपूर्व तनावग्रस्त भएपछि विश्वभर पेट्रोलियम पदार्थको आपूर्तिमा असहज भएको छ । तर, तथ्यांकले भने नेपालमा ग्याससहित पेट्रोलियम पदार्थको आयात सामान्य अवस्थामा जतिकै वा सोभन्दा बढी परिमाणमा भइरहेको देखाउँछ । चालू आर्थिक वर्ष ०८२/८३ को फागुनमा सबैभन्दा बढी ५१ हजार एक सय ९२ टन ग्यास भित्रिएको छ । नेपालको मासिक औसत खपत भने ४५ हजार टन हो ।

सामान्य अवस्थाको तुलनामा ग्यास आयात धेरै भए पनि बजारमा उच्च माग भएकाले हाल आयातीत परिमाणले धान्न मुस्किल भएको आयल निगमको निर्देशक विनितमणि उपाध्यायले बताए । 'ग्याससहितको पेट्रोलियम पदार्थको आयातमा कुनै असर परेको छैन । नियमित परिमाण नै भित्रिरहेको छ,' उनले भने, 'तर, उपभोक्ताहरूमा अभाव हुने त्रासका कारण सञ्चय गर्ने प्रवृत्ति कायम रहेकाले ग्यासको आपूर्ति सहज हुन सकिरहेको छैन ।' उच्च माग धान्न २९ फागुनबाट आधा परिमाण (७.१ किलोग्राम) भएको ग्यास सिलिन्डर प्रयोगमा ल्याउन थालिए पनि अभाव कायमै छ ।

भन्सार विभागको तथ्यांकअनुसार असहजता देखिन थालेको पुसमा ४७ हजार चार सय ६० टन र माघमा ४६ हजार दुई सय ८४ ग्यास आयात भएको छ । त्यसअघि मंसिरमा ४५ हजार दुई सय २८ टन, कात्तिकमा ४२ हजार ६ सय ८१ टन, असोजमा ४७ हजार चार सय ७० टन, भदौमा ४७ हजार ६ सय ४४ टन र साउनमा ४४ हजार तीन सय १८ टन ग्यास आयात भएको थियो ।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले सरकारले अनुगमन र आपूर्तिलाई चुस्त बनाउन नसक्दा आमउपभोक्ताले सास्ती व्यहोर्नुपरिरहेको बताए । अहिले पहुँचवालाले सहजै ग्यास पाइरहेको भए पनि आमसर्वसाधारणले एलपी ग्यासको चरम अभाव भोगिरहेको उनले बताए । 'भन्सार विभागको तथ्यांकले आयात सामान्य नै देखाएको छ, तर उपभोक्ताले खोजेका वेलामा पाउन सकेका छैनन्,' उनले भने, 'कागजी तथ्यांकमा ग्यास र तेल यति आयो, उति आयो भनेर हुँदैन । बजारमा माग भएजति दिन सक्नुपर्छ ।' नेपाल आयल निगम र वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागले प्रभावकारी काम गर्न नसक्दा उपभोक्ता खाली सिलिन्डर काँधमा बाकेर भौँतारिरहन बाध्य भएको उनले बताए ।

सरकारको अनुगमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ३ चैतमा गरेको अनुगमनले श्रीराम ग्यासको ललितपुर हरिसिद्धिस्थित गोदाममा पूरा भरिएका (१४.२ केजी) ६ हजार ३७७ थान सिलिन्डर स्टक फेला पारेको थियो । विभागले उक्त उद्योगलाई तीन लाख जरिवाना तिराएको थियो । सरकारले उद्योगदेखि साना डिलरसम्म अनुगमनलाई तीव्र नबनाउँदा बजारमा आपूर्ति सहज हुन नसकेको सरोकारवाला बताउँछन् । तर, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रवक्ता नरहरी तिवारीले भने सरकारले ग्यास आपूर्ती सहजताका लागि दिनहुँ डिलर, बितरक र उद्योगीकहाँ पालैपालो अनुगमन गरिरहेको दाबी गरे ।

'बुधबार पनि उपत्यकाको पाँचवटा डिलरमा अनुगमन भएको छ । पछिल्लो अनुगमनक्रममा विगतमा जस्तो चर्को अभाव नरहेको देखिन्छ । खासगरी आधा ग्यास भरिएको सिलिन्डर बजारमा ल्याउन थालेपछि माग सम्बोधनमा ठोस योगदान पुगेको अवस्था छ,' उनले भने, 'विभाग पनि विगतमा जस्तो ग्यास अभावबारे सोधीखोजी र उजुरी आउनेक्रम घटेको छ । यसर्थ, बिस्तारै सहजतातर्फ उन्मुख रहेको भन्न सकिन्छ ।' यद्यपि, पूर्ण रूपले ग्यास सहज भएको स्थिति नभएको उनले स्वीकार गरे । 'केही समयअघि श्रीराम ग्यासको गोदाममा ६ हजार थानभन्दा बढी सिलिन्डर भेटिएपछि कारबाही गरेका थियौँ । त्यो घटनाले पनि लुकाएर राख्ने प्रवृत्ति निरूत्साहित भएको हाम्रो बुझाइ छ,' उनले भने ।

**पेट्रोल, डिजेल र हवाई इन्धनको आयात पनि नियमित**

भन्सारको तथ्यांकअनुसार पेट्रोल, डिजेल र हवाई इन्धनको आयात नियमित छ । डिजेल साउनमा ६५ हजार एक सय ५६ किलि, भदौमा ९९ हजार ६ सय ३२ किलि, असोजमा ६२ हजार पाँच सय ६० किलि, कात्तिकमा एक लाख २० हजार चार सय ४४ किलि, पुसमा एक लाख ४२ हजार चार सय किलि, माघमा एक लाख ३६ हजार एक सय ४० किलि र फागुनमा एक लाख ३० हजार ५२ किलि आयात भएको छ । पेट्रोल साउनमा ६७ हजार सात सय २४ किलि, भदौमा ५५ हजार आठ सय ९२ किलि, असोजमा ६९ हजार नौ सय ९२ किलि, कात्तिकमा ६४ हजार सात सय ५५ किलि, मंसिरमा ५६ हजार तीन सय किलि, पुसमा ६५ हजार पाँच सय ७२ किलि, माघमा ६२ हजार पाँच सय ५२ किलि र फागुनमा ६९ हजार एक सय २० किलि आयात भएको छ ।

हवाई इन्धन साउनमा १४ हजार चार सय ९२ किलि, भदौमा १७ हजार चार सय २३ किलि, असोजमा २० हजार ६ सय ६८ किलि, कात्तिकमा १८ हजार तीन सय ८४ किलि, मंसिरमा १९ हजार नौ सय ४४ किलि, पुसमा १६ हजार पाँच सय ९६ किलि, माघमा १७ हजार तीन सय ८८ किलि र फागुनमा १९ हजार नौ सय १६ किलि आयात भएको भन्सार विभागको तथ्यांक छ ।

**आठ महिनामा एक खर्ब ७६ अर्बको पेट्रोलियम आयात**

चालू आवको आठ महिनामा एक खर्ब ७६ अर्ब ६४ करोड रूपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा एक खर्ब ७५ अर्ब ३७ करोड रूपैयाँको पेट्रोलियम पदार्थ आयात भएको थियो । गत आवको तुलनामा एक अर्ब नौ करोडभन्दा बढीको पेट्रोलियम आयात भएको छ । चालू आवको फागुनसम्म ४३ अर्ब ८९ करोडको पेट्रोल आयात भएकोमा गत आवको सोही अवधिमा ४२ अर्ब ८० करोडको आयात भएको थियो । डिजेल आयात तीन अर्ब २४ करोड रूपैयाँले बढेको छ । गत आवको आठ महिनामा ७८ अर्ब ८६ करोडको डिजेल आयात भएकोमा चालू आवको सोही अवधिमा ८२ अर्ब १० करोडको आयात भएको छ ।

खाना पकाउने ग्यास मूल्यमा भने घटेको देखिन्छ । तर, परिमाणमा भने बढेर आएको छ । यद्यपि, मूल्यमा तीन अर्ब ६८ करोड रूपैयाँले ग्यासको आयात घटेको छ । चालू आवको आठ महिनामा ३७ अर्ब ३१ करोड रूपैयाँमा ग्यास आयात भएको छ । गत आवको सोही अवधिमा ४१ अर्बको ग्यास आयात भएको थियो । हवाई इन्धन १३ अर्ब ३३ करोड १३ लाख रूपैयाँको आयात भएको भन्सार विभागको तथ्यांक छ ।

# आन्दोलनको क्षतिपछि सात अर्ब बिमा दाबी भुक्तानी, अझै १६ अर्ब भुक्तानी बाँकी

काठमाडौं । गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका कारण भएको क्षतिको बिमा दाबीमा कम्पनीहरूले सात अर्ब एक करोड ५५ लाख रूपैयाँ भुक्तानी दिएका छन् । नेपाल बिमा प्राधिकरणबाट प्राप्त फागुन मसान्तसम्मको तथ्यांकअनुसार आन्दोलनका कारण बिमा कम्पनीहरूमा २३ अर्ब ३८ करोड ८१ लाख रूपैयाँबराबरका तीन हजार तीन सय ५५ वटा दाबी परेका छन् । त्यसमा हालसम्म सोबराबरको भुक्तानी भएको हो । नेपाल बिमक संघका निवर्तमान अध्यक्ष तथा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका सिइओ चंकी क्षेत्रीले दाबी भुक्तानी नियमित रूपमा भइरहेको बताए । 'सर्भे गर्नुपर्ने र आवश्यक कागजात मिलाउनुपर्दा दाबी प्रक्रिया लामो हुन्छ । यद्यपि, यो परिस्थितिलाई दृष्टिगत गर्दै कम्पनीहरूले आंशिक रूपमा अग्रिम भुक्तानी पनि दिएका थिए । हालसम्म अधिकांश दाबीको सर्भे सकिएको छ । आवश्यक कागजात मिलाउने काम भइरहेको छ,' उनले भने, 'प्रक्रिया पूरा भएपछि पूर्ण दाबी भुक्तानी हुन्छ ।'सरकारले पनि प्रारम्भिक प्रतिवेदनका आधारमा ५० प्रतिशत अग्रिम भुक्तानी गर्न ५ असोजमै निर्देशन दिएको थियो । तर, त्योअनुसार अझै ५० प्रतिशत भुक्तानी भएको देखिन्न ।

प्राधिकरणको तथ्यांकअनुसार अब कम्पनीहरूले १६ अर्ब ३६ करोड ५६ लाख रूपैयाँ भुक्तानी दिन बाँकी छ । आवश्यक पत्रिया पूरा भएपछि बाँकी दाबी पनि भुक्तानी हुने कम्पनीहरु बताउँछन् । यद्यपि, सर्भेयरको अन्तिम प्रतिवेदन तयार हुँदा यो रकम थपघट हुन सक्नेछ । बिमा कम्पनीहरूले नियमित रूपमा दाबी भुक्तानी दिए पनि उनीहरूले पुनर्बिमा कम्पनीबाट पाउनुपर्ने भुक्तानीमा भने ढिलाइ भएको गुनासो गरेका छन् । यो हुलदंगा तथा आतंकवाद जोखिमअन्तर्गतको दाबी हो । नेपालमा यो जोखिमको पुनर्बिमा नेपाल रि इन्स्योरेन्स कम्पनीले गर्नुपर्ने व्यवस्था छ । सोहीअनुसार बिमा कम्पनीहरूले यसअघि नै नेपाल रिमा यसको पुनर्बिमा गरेका थिए । तर, कम्पनीहरूले नेपाल रिमा दाबी पेस गरे पनि भुक्तानी भने छिटो-छरितो पाउन नसकेको गुनासो गरेका छन् । कम्पनीहरूले नेपाल रिमा झन्डै १६ अर्बबराबरको पुनर्बिमा पेस गरेका छन् । त्यसमा करिब तीन अर्बबराबरको भुक्तानी नेपाल रिले गरेको छ, बाँकी प्रक्रियामा छ । एक बिमा कम्पनीका सिइओले पुनर्बिमाको भुक्तानी पाउन ढिलाइ भएको बताए । 'हामीले चुक्ता पुँजी र विभिन्न कोषको रकमबाट भुक्तानी दिइरहेका छौँ । तर, पुनर्बिमाबापतको भुक्तानीमा भने ढिलाइ भएको छ,' सिइओले भने, 'पुनर्बिमाको दाबी भुक्तानी पनि छिटो-छरितो भइदिए सजिलो हुने थियो ।'

सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले सबैभन्दा धेरै दुई अर्ब १४ करोड ७९ लाख रूपैयाँ भुक्तानी दिएको छ । धेरै दाबी भुक्तानी दिने दोस्रो नम्बरमा आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स छ । उक्त कम्पनीले एक अर्ब १३ करोड ५० लाख रूपैयाँ दाबी भुक्तानी गरेको छ । तेस्रो स्थानमा रहेको शिखर इन्स्योरेन्सले ९३ करोड ९४ लाख रूपैयाँ भुक्तानी गरेको छ । दी ओरियन्टलले ३१ करोड १९ लाख रूपैयाँ, सगरमाथा लुम्बिनीले ४५ करोड ७८ लाख रूपैयाँ, नेकोले ३४ करोड ७२ लाख रूपैयाँ, हिमालयन एभरेस्टले ४७ करोड ७३ लाख रूपैयाँ र सानिमा जिआइसीले २८ करोड ८६ लाख रूपैयाँ भुक्तानी दिएका छन् ।

## खेलकुद

# राखेपले गऱ्यो एन्फालाई तीन महिनाका लागि निलम्बन

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई निलम्बन गरेको छ । पटक-पटक दिएको निर्देशन पालना नगरेपछि राखेप कार्यकारी समितिको ११ चैतको बैठकले खेलकुद विकास नियमावली, २०७७ को दफा २९ (२) लाई आधार मानेर एन्फालाई निलम्बन गर्ने निर्णय गरेको हो । यस दफामा कुनै संघले परिषद्ले दिएको निर्देशन पालना नगरे त्यस्तो संघलाई तीन महिनासम्मका लागि निलम्बन गर्न सक्ने उल्लेख छ । यससँगै पंकजविक्रम नेम्वाङ नेतृत्वको एन्फा तीन महिना निलम्बनमा परेको हो । यसअघि सोधिएको २४ घण्टे स्पष्टीकरण चित्त नबुझेपछि राखेपले एन्फालाई निलम्बन गरेको खेलकुद विकास विभाग प्रमुख सरोजकुमार पोखरेलले बताएका छन् ।

नेम्वाङ नेतृत्वको एन्फाले १३ चैतमा झापामा राज्यको स्वीकृतिविना निर्वाचन गर्दै छ । निलम्बनमा परे पनि निर्वाचन रोक्न नमिल्ने एन्फाले जनाएको छ । 'अन्तर्राष्ट्रिय निकाय फिफा र एएफसीबाट स्वीकृति दिएकाले निर्वाचन रोक्न सकिने अवस्था छैन,' एन्फाका महासचिव किरण राईले भनेका छन्, 'यदि रोकिने प्रयास भए नेपाल प्रतिबन्धमा पर्न सक्छ ।'

राखेपले जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन गर्न निर्देशन दिएको थियो । राखेपको निर्देशन बारम्बार लत्याएपछि एन्फा तीन महिनाका लागि निलम्बनमा परेको हो ।

'देशको विद्यमान ऐन, कानुन र संघको स्वीकृत विधानबमोजिम गर्नुपर्ने विषय कार्यान्वयन गर्नका लागि नियामक निकायबाट पटक-पटक दिइएको लिखित निर्देशन कार्यान्वयन गरी राष्ट्रिय कानुनको पालना गर्नेभन्दा आफूआबद्ध अन्तर्राष्ट्रिय संस्थाबाट भएको निर्देशन पालना गर्नुपर्ने विषयलाई बाध्यात्मक र अनिवार्यता देखाएर राष्ट्रिय कानुनको प्रधानताको सिद्धान्तलाई अवमूल्यन गर्ने मनसाय देखियो,' विभागका प्रमुख पोखरेलले जारी विज्ञप्तिमा भनिएको छ ।

उनले एन्फाले दिएको लिखित स्पष्टीकरण चित्तबुझ्दो नभएको बताए । एन्फाको पत्रमा निर्वाचन रोक्न नमिल्ने र तेस्रो पक्षले हस्तक्षेप गरे नेपाल निलम्बनमा पर्ने उल्लेख छ । एन्फाका महासचिव राईले राखेपलाई पत्रमार्फत आफूहरु जसरी पनि निर्वाचन गराउने पक्षमा रहेको जानकारी दिएका छन् । यसकारण पनि एन्फालाई निलम्बन गर्नुपरेको विभागका प्रमुख पोखरेलले बताएका छन् ।

'२४ घण्टाभित्र दिएको लिखित जवाफ उचित कारणसहितको चित्तबुझ्दो नरहेको साथै राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (दोस्रो संशोधन) को नियम १० को उपनियम (१) को खण्ड (छ १) अनुसारको कार्यसमेत भए-गरेको नदेखिएको हुँदा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ को उपदफा (२) बमोजिम तीन महिनासम्मका लागि निलम्बन गर्ने कार्यकारी समितिको मिति २०८२/१२/११ को निर्णयानुसार उल्लिखित समयावधिसम्मका लागि निलम्बन गरिएको व्यहोरा जानकारी गराइएको छ,' खेलकुद विकास विभागले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यसको बोधार्थ युवा तथा खेलकुद मन्त्रालय, सातवटै प्रादेशिक मन्त्रालय (युवा तथा खेलकुद मन्त्रालय), सदस्यसचिव, सातवटै प्रादेशिक खेलकुद परिषद्/बोर्डलगायतलाई पठाइएको छ ।

राखेपले निलम्बन गरे पनि एन्फा जसरी पनि साधारणसभा नरोक्ने पक्षमा छ । साधारणसभाका लागि भनेर एन्फा कार्यालयले मंगलबार बिहानै कार्यालय बन्द भएको जनाएको थियो । जसका कारण राखेपले सोधेको स्पष्टीकरण पत्र दिन पुगेका कर्मचारी त्यत्तिकै फर्किएका थिए । एन्फाका अधिकांश पदाधिकारी झापामा रहँदा अहिले एन्फा मुख्यालयमा सुरक्षा गार्ड मात्र छन् । एन्फा महासचिव राईले निर्वाचन रोके फिफा र एएफसीले एन्फालाई निलम्बन गर्ने दाबी गरेका छन् । 'हामीले राखेपको पत्रको जवाफ दिएका छौँ । यस्तो अवस्थमा कारबाही हुन्छ भने फिफा र एएफसीले प्रतिबन्ध लगाउनेछन्,' राईले भनेका छन् ।

फुटबल संघमा तेस्रो पक्ष (सरकारी निकाय)को हस्तक्षेप भए त्यस्ता संघलाई फिफा र एएफसीले निलम्बन गर्दै आइरहेका छन् । भारत, पाकिस्तान र अफगानिस्तानलगायत यसका उदाहरण हुन् । राईले छिमेकी राष्ट्रहरूको उदाहरण दिँदै राखेपलाई बारम्बार हस्तक्षेप नगर्न अनुरोध गर्दै आएका थिए । 'तेस्रो पक्षको हस्तक्षेप भए नेपालको फुटबल अन्तर्राष्ट्रिय रूपमा प्रतिबन्धमा पर्ने चेतावनी आएको छ,' राईले भनेका छन् । उनले राखेपलाई पठाइएको पत्रमा अप्रिय निर्णय नगर्न पनि अनुरोध गरेका थिए । प्रतिबन्धमा रहँदा नेपालले अन्तर्राष्ट्रिय खेलदेखि फिफा फन्डसम्म गुमाउनेछ । अर्कोतिर राखेपले एन्फालाई नौ बुँदा पालना गर्न पुनः निर्देशन दिएको छ । एन्फाले अर्ली इलेक्सन गर्ने निर्णय गरेपछि नै राखेपले गत २२ पुसमा एन्फालाई ११ बुँदे निर्देशन पठाएको थियो । त्यसमध्ये नौ बुँदा पालना गर्न राखेपले निर्देशन दिएको हो ।

# साफ यू-२० च्याम्पियनसिपमा नेपालको लगातार दोस्रो जित

लगातार दोस्रो जित निकालेको नेपाल साफ यू-२० च्याम्पियनसिपको सेमिफाइनलतर्फ अग्रसर भएको छ । दक्षिण एसियाली फुटबल महासंघ (साफ)द्वारा आयोजित प्रतियोगितामा नेपालले श्रीलंकालाई १-० ले हराउँदै दोस्रो जित हात पारेको हो । नेपालको जितमा विंगर सुवास बमले निर्णायक गोल गरेका थिए । जितसँगै नेपालले ६ अंक जोडेको छ । यसअघि नेपालले उद्घाटन खेलमा भुटानलाई २-१ ले हराएको थियो।

श्रीलंकाले आफ्नो पहिलो खेलमा माल्दिभ्सलाई ३-२ ले हराएको थियो । मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा नेपालको जितमा सुवासले निर्णायक गोल गरे । राष्ट्रिय टोलीका सदस्यसमेत रहेको सुवासले पहिलो हाफमा गोल गरेका हुन् । सुवासले कप्तान धर्वेन्द्र कुँवरको पासलाई नियन्त्रणमा लिँदै सुन्दर गोल गरेका थिए ।

# कर्पोरेट

## ● ग्लोबल आइएमई र तिलगंगाबिच सहकार्य

ग्लोबल आइएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबिच सम्झौता भएको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्राडा सन्दुक रूइतको उपस्थितिमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानकी प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरूङले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । हस्ताक्षर समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, बैंकका उच्चपदस्थ कर्मचारीलगायत प्रतिष्ठानका कर्मचारीसमेतको उपस्थिति थियो ।

समझदारीअनुसार तिलगंगाले ग्लोबल आइएमईको वित्तीय सहयोगमा सातै प्रदेशका सात स्थानमा आर्थिक रूपमा कमजोर, ज्येष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकको निःशुल्क रूपमा मोतीबिन्दुको पहिचान गरी शल्यक्रिया गर्नेछ । साथै, विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर तथा विपन्न छात्र-छात्राको आँखा परीक्षण गरी आवश्यकताअनुसार निःशुल्क रूपमा चस्मा वितरण गरिनेसमेत समझदारी भएको छ । अध्यक्ष ढकालले बैंकले नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिँदै आएको बताए । त्यसैगरी, कार्यकारी निर्देशक प्राडा रूइतले सहकार्यमा अवसर र चुनौती दुवै रहेको बताउँदै ग्लोबल आइएमईसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए ।

## ● नबिल बैंकद्वारा ११ हजारभन्दा बढी विद्यार्थीलाई वित्तीय साक्षरता

नबिल बैंक लिमिटेडले 'ग्लोबल मनी विक' अभियानअन्तर्गत ११ हजारभन्दा बढी विद्यार्थीलाई वित्तीय साक्षरता प्रदान गरेको छ । यही मार्च १६ देखि २२ सम्म सञ्चालन भएको अभियानमार्फत सातवटै प्रदेशका ११ हजार ८७ विद्यार्थीलाई वित्तीय साक्षरता प्रदान गरिएको बैंकले जनाएको छ । बैंकले मुलुकका विभिन्न स्थानमा वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले बचत, लगानी, डिजिटल बैंकिङ, वित्तीय ठगीलगायत विषयमा विद्यार्थी तथा युवाहरूलाई अभिमुखीकरण गराएको हो । बैंकले विभिन्न शाखा कार्यालयमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । अभियानअन्तर्गत कोशी प्रदेशका दुई हजार ६४, मधेशका एक हजार तीन सय ८१, बागमतीका दुई हजार ६ सय आठ, गण्डकीका एक हजार दुई सय ७८, लुम्बिनी प्रदेशका एक हजार तीन सय ३८, कर्णालीका एक हजार पाँच सय चार र सुदूरपश्चिम प्रदेशका नौ सय १४ विद्यार्थी लाभान्वित भएको बैंकले जनाएको छ । वित्तीय साक्षरता अभियानलाई थप फराकिलो बनाउँदै बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामग्री उत्पादन गरी प्रकाशन तथा प्रसारण पनि गर्दै आएको छ ।

## ● एनएमबि बैंकको वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

एनएमबि बैंकले ग्लोबल मनी विक २०२६ को अवसरमा विभिन्न वित्तीय साक्षरता कार्यक्रमहरू गरेको छ। युवा पुस्तामा वित्तीय ज्ञान र सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आफ्ना शाखामार्फत विभिन्न विद्यालय, कलेज तथा समुदायस्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको बैंकले जनाएको छ।

कार्यक्रममा सहभागीहरूलाई बचत, जिम्मेवार वित्तीय व्यवहार, डिजिटल बैंकिङको सुरक्षित प्रयोग तथा दीर्घकालीन वित्तीय योजनासम्बन्धी जानकारी प्रदान गरिएको थियो। बैंकद्वारा सञ्चालन गरिएका वित्तीय साक्षरता कार्यक्रममार्फत चार हजारभन्दा बढी सहभागीहरु प्रत्यक्ष रूपमा लाभान्वित भएका बताइएको छ। ग्लोबल मनी विक २०२६ को अवसरमा बैंकले देशका विभिन्न स्थानहरूमा वित्तीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रभातफेरी तथा जनचेतनामूलक ¬र्‍यालीहरु पनि आयोजना गरेको छ। साथै बैंकले सामाजिक सञ्जालमार्फत वित्तीय सचेतनासम्बन्धी विभिन्न जानकारीमूलक सामग्रीहरूसमेत साझा गरेको छ।

## ● ज्योति विकास बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम

ज्योति विकास बैंकले ग्लोबल मनी विक (चैत २ देखि ८ सम्म)अन्तर्गत वित्तीय साक्षरताका विभिन्न कार्यक्रम सम्पन्न गरेको छ। 'स्मार्ट मनी टक्स' भन्ने नारामा केन्द्रित भई युवा तथा लक्षित वर्गलाई विभिन्न वित्तीय जानकारी प्रदान गर्ने हेतुले बैंकले एक सातासम्म वित्तीय साक्षरता र सचेतनाका कार्यक्रमहरु आयोजना गरेको हो।

बैंकले डिजिटल माध्यम र सोसल मिडियामार्फत पनि विभिन्न सचेतना तथा अन्य जानकारीमूलक कार्यहरु सञ्चालन गरेको जनाएको छ। यस अभियानमार्फत करिब दुई हजार दुई सयभन्दा बढी व्यक्ति प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

सो कार्यक्रमअन्तर्गत बैंकका प्रादेशिक तथा क्लस्टर कार्यालयहरूअन्तर्गत रहेका विभिन्न शाखा कार्यालयहरूमार्फत सोही क्षेत्रका विद्यालय तथा कलेजहरूमा आधुनिक बैंकिङ, बैंक तथा वित्तीय संस्थाका मुख्य कार्यहरु, वित्तीय अनुशासन, आवश्यकता तथा चाहनाहरु, वित्तीय लक्ष्य, बचत, लगानी, खर्च, विद्युतीय वित्तीय सेवाहरु, नगदरहित कारोबार, धितोपत्र बजार, विद्युतीय ठगी, ओटिपीसम्बन्धी ज्ञानलगायतका विषयहरूलाई समावेश गरी ३० वटाभन्दा बढी तालिम तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको हो।

साथै, बैंकले ग्लोबल मनी विकमा बैंकका सामाजिक सञ्जालहरूमा विभिन्न अडियो भिजुअल सामग्रीहरु प्रकाशित गर्ने तथा प्रभातफेरी कार्यक्रमहरु आयोजना गरी विभिन्न वित्तीय सूचनाहरु पनि प्रवाह गरेको छ ।

ज्योति विकास बैंकले आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक कार्यमा गर्ने योगदानभन्दा ५० प्रतिशत बढी रकम छुट्याई काम गरिरहेको छ ।

## ● सातै प्रदेशमा सिटिजन्स बैंकको वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सातवटै प्रदेशमा रहेका आफ्ना १०८ शाखा कार्यालयहरूबाट विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। 'स्मार्ट मनी टक्स' भन्ने मूल नाराका साथ चैत २ देखि ८ गतेसम्म सञ्चालन भएको ग्लोबल मनी विक हजारौँ सर्वसाधारणलक्षित वर्गलाई वित्तीय ज्ञान प्रदान गरेर सम्पन्न गरेको हो। यस ग्लोबल मनी विकबाट करिब ६ हजार मानिस लाभान्वित भएका बैंकले जनाएको छ।

कार्यक्रममा उपस्थित युवा तथा विद्यार्थी वर्गमा वित्तीय साक्षरताको आवश्यकता र महत्त्वबारे विस्तृत प्रकाश पारिएको थियो। यससँगै वित्तीय साक्षरताको अवस्था र विद्युतीय बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमबारे समेत जानकारी गराइएको थियो। नगद कारोबार, लेनदेन तथा विप्रेषणजस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ प्रणालीकै प्रयोग गर्नसमेत उक्त कार्यक्रमबाट आग्रह गरिएको छ। यसबाट बैंकिङ प्रणाली मजबुत हुनुका साथै युवा र विद्यार्थीमा वित्तीय ज्ञानको विकास हुने विश्वास बैंकले लिएको छ। विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर' २०२४ र २०२५ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले यसअघि नै फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ। हालसालै बैंकले नवयुवालक्षित बचत खाता 'सिटिजन्स जेन-जी सेभिङ अकाउन्ट' र 'सिटिजन्स डिजी बैंक सेवा' नामक एकीकृत अनलाइन प्लाटफर्म सञ्चालनमा ल्याएको छ।

## ● नेपाल एसबिआई बैंकद्वारा इलाका प्रहरी कार्यालय रत्ननगरलाई सहयोग प्रदान

नेपाल एसबिआई बैंक लिमिटेडले चितवनस्थित इलाका प्रहरी कार्यालय रत्ननगर, टाँडीलाई विभिन्न अत्यावश्यक सामग्रीहरु  सहयोगस्वरूप प्रदान गरेको छ ।

उक्त सामग्रीहरु बैंकका प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रवीणमुनि बज्राचार्यले जिल्ला प्रहरी परिसर चितवनका प्रहरी उपरीक्षक गोविन्द पुरीलाई एक कार्यक्रमबिच औपचारिक रूपमा हस्तान्तरण गरेका थिए। सो अवसरमा प्रहरी अधिकृतहरु तथा बैंकका कर्मचारीहरूसमेतको सहभागिता रहेको थियो।

यस सहयोगबाट जेन-जी आन्दोलनमा क्षति भएको इलाका प्रहरी कार्यालय, रत्ननगर, टाँडीको सेवा प्रवाह सहज हुने लक्ष्य बैंकले राखेको छ। नेपाल एसबिआई बैंक लिले विगत ३२ वर्षदेखि बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ । हाल बैंकका १०२ शाखा, २२ एक्स्टेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, २१ शाखारहित बैंकिङ, १२७ एटिएम र १ कर्पोरेट कार्यालय सञ्चालनमा छन् ।

## ● मुक्तिनाथ विकासको 'अवसरको झोला' अभियान

मुक्तिनाथ विकास बैंकले 'अवसरको झोला' अभियान सञ्चालनमा ल्याएको छ । बैंकले यो अभियानअन्तर्गत आर्थिक रूपमा कमजोर तथा अवसरबाट वञ्चित विद्यार्थीलाई विद्यालय झोला र स्टेसनरी सामान वितरण गरेको छ ।

कसैका लागि साधारण देखिने एउटा झोला बालबालिकाका लागि भने अवसरको ढोका बन्न सक्ने बैंकको बुझाइ छ । यही बुझाइसहित बैंकले विद्यार्थीको काँधमा केवल झोला मात्र होइन, सम्भावना, आत्मविश्वास र उज्ज्वल भविष्यको आशा पनि सुम्पिएको बताएको छ । यसै अभियानसँगै बैंकले शिक्षालाई प्रोत्साहन गर्न विद्यालय पोसाक तथा मिहिनेती तथा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै उनीहरूको लगनशीलताको कदर गरिएको बैंकको भनाइ छ । बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता पहललाई निरन्तरता दिँदै समुदायमा दिगो प्रभाव सिर्जना गर्ने प्रतिबद्धता जनाएको छ । हालसम्म बैंकले सुर्खेत, कालीकोट, धनुषालगायतका जिल्लामा गरी करिब पाँच सयभन्दा बढी विद्यालय झोला प्रदान गरिसकेको छ ।

## ● एसबिआईको वित्तीय साक्षरता कार्यक्रम

नेपाल एसबिआई बैंक लिमिटेडले ग्लोबल मनी विक २०२६ मनाएको छ । यसै अवसरमा बैंकले देशका विभिन्न ४४ स्थानमा २ देखि ८ चैतसम्म विद्यार्थी तथा युवालक्षित वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ । सातै प्रदेशमा आयोजना गरिएको उक्त कार्यक्रमले स्कुल तथा कलेजका विद्यार्थीलाई बचतको महत्व, ऋण तथा लगानी, डिजिटल बैंकिङ, डिजिटल ठगीलगायत विभिन्न विषयमा जानकारी गराएको थियो । उक्त कार्यक्रम कोशी प्रदेशको इटहरी, भोजपुर, विराटनगर, बरगाछी, बिर्तामोड, इलाम, दमक र फिदिममा सञ्चालन गरिएको थियो ।

त्यसैगरी, मधेशका सिमरा, बर्दीबास, वीरगन्ज, चन्द्रनिगाहापुर, राजगढ, पिडारी चोक र जनकपुर, बागमतीका पाटन, धादिङ, नारायणगढ र हेटौँडामा कार्यक्रम गरिएको बैंकले जनाएको छ । गण्डकीका दुलेगौँडा, पोखरा, आबुखैरेनी, बैँसीसहर, दमौली, वालिङ, कावासोती, बिरौटा र शिशुवामा पनि वित्तीय साक्षरता आयोजना गरिएको छ । लुम्बिनीका सुनछहारी, दाङ, बुटवल, भैरहवा, सन्धिखर्क, लमही र रामपुर बजार, कर्णालीका सुर्खेत र चामुण्डा, सुदूरपश्चिमका धनगढी, गन्यापधुरा, डडेलधुरालगायतका स्थानमा सञ्चालित कार्यक्रममार्फत तीन हजारभन्दा बढी विद्यार्थी तथा युवा लाभान्वित भएका छन् ।

## ● सानिमा रिलायन्स लाइफले मनायो नवौँ वार्षिकोत्सव

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स नवौँ वर्षमा प्रवेश गरेको छ । यसै अवसरमा कम्पनीले विविध कार्यक्रम आयोजना गरेको छ । कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत, उच्च पदाधिकारीलगायतको सहभागितामा कम्पनीको प्रधान कार्यालय र देशभरिका क्षेत्रीय र प्रादेशिक कार्यालयमा रक्तदान कार्यक्रम गरिएको थियो । मानवजीवनको रक्षा गर्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा उक्त कार्यक्रम गरिएको कम्पनीले जनाएको छ । साथै, काठमाडौं शान्तिनगरस्थित असहाय वृद्धवृद्धाका लागि विशेष आश्रय प्रदान गरिरहेको निसहाय सेवा सदनमा आहारविहारमार्फत सामाजिक उत्तरदायित्वको कार्यक्रम गरेको हो । कम्पनीले डिजिटल सेवा विस्तार, दाबी प्रक्रिया सहजता, ग्राहक सम्पर्क प्रणाली सुदृढीकरण तथा दीर्घकालीन विश्वास निर्माणमार्फत आफूलाई नेपालको अग्रणी र भरोसायोग्य जीवन बिमा कम्पनीका रूपमा स्थापित गर्दै आएको जनाएको छ । हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले देशभर १६८ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ । कम्पनीको पुँजी पाँच अर्ब रूपैयाँभन्दा बढी छ भने २४ अर्ब रूपैयाँभन्दा बढी लगानी छ ।

## ● ग्लोबल मनी विकमा कामना सेवाको वित्तीय सचेतना

कामना सेवा विकास बैंकले विश्व वित्तीय सप्ताह २०२६ का अवसरमा विभिन्न वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । बैंकले विद्यालयस्तरमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै विद्यार्थीमा वित्तीय ज्ञान तथा सिप विकास गर्ने उद्देश्यसहित देशभरै कार्यक्रम सञ्चालन गरिएको थियो । साथै, सामाजिक सञ्जालमार्फत विभिन्न सचेतनामूलक सामग्री पनि प्रसारण गरिएको बैंकले जनाएको छ ।

बैंकका अनुसार सातै प्रदेशका विद्यालयमा वित्तीय साक्षरता कार्यक्रम आयोजना भएको छ, जसबाट एक हजारभन्दा बढी विद्यार्थी लाभान्वित भएको बैंकले जनाएको छ । विद्यार्थीलक्षित कार्यक्रममा सानो-सानो बचतलाई एकीकृत गरी पुँजी निर्माण गर्ने, बचतको महत्व, व्यक्तिगत बजेट निर्माण, खर्च व्यवस्थापन तथा डिजिटल कारोबारका अवसर र चुनौतीबारे जानकारी प्रदान गरिएको थियो ।

यसका साथै हाल बढ्दो डिजिटल ठगीका घटनालाई मध्यनजर गर्दै बैंकले ओटिपीसम्बन्धी सचेतना अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गरेको छ । सामाजिक सञ्जालमार्फत विभिन्न भाषामा सचेतनामूलक भिडियो सामग्री प्रसारण गरिएको छ । यसले विभिन्न समुदायसम्म वित्तीय सुरक्षासम्बन्धी सन्देश प्रभावकारी रूपमा पुऱ्याउन सहयोग पुऱ्याएको बैंकको भनाइ छ ।

त्यसैगरी, सुरक्षित भविष्यका लागि बचत गर्ने बानी विकास गर्न, बचत र लगानी, बजेटको समायोजन, अचानक आउने समस्या वा आपत्कालीन अवस्थाका लागि आकस्मिक कोष, डिजिटल कारोबार गर्दा हुने गल्ती तथा अनलाइन ठगीबाट कसरी बच्न सकिन्छ भन्नेबारे पनि सचेत गराएको छ ।

## ● साओमी-१७ अल्ट्राको प्रि-अर्डर सुरु

प्रविधि ब्रान्ड साओमीले साओमी-१७ अल्ट्राको प्रि-अर्डर औपचारिक रूपमा नेपालमा सुरू भएको घोषणा गरेको छ । प्रि-अर्डर अवधिमा ग्राहकले साओमी १७ अल्ट्रा १६/५१२ जिबी भेरियन्टका लागि उपलब्ध तीनमध्ये कुनै एक अफर रोज्न सक्नेछन् । जसमा १० हजारको तत्काल क्यासब्याक, ४० हजारबराबरको साओमी वाच एस-४ २४ हजार ९९९ वा १५ हजार ९९९ रूपैयाँको साओमी बड्स-५ समावेश छन् ।

साओमी १७ अल्ट्रा किन्ने ग्राहकले बिक्रीपछि विशेष सुविधाप्राप्त गर्ने कम्पनीले जनाएको छ । यस योजनाअन्तर्गत फोन खरिद गरेको पहिलो ६ महिनासम्म एकपटक निःशुल्क स्क्रिन फेर्न पाइनेछ । त्यस्तै, नियमित १२ महिनाको वारेन्टीमा ६ महिना थप गरी कुल १८ महिनाको वारेन्टी सुविधाका साथै वारेन्टी सकिएपछि गरिने मर्मतमा पनि २४ महिनासम्म कुनै सेवाशुल्क लाग्नेछैन ।

साओमी १७ अल्ट्रा कालो, सेतो र स्टारलाइट तीनवटा आकर्षक रङमा उपलब्ध छ । यो आफ्नो श्रेणीमा सबैभन्दा पातलो र हल्का डिभाइसमध्ये एक हो, जसले लामो समयसम्म आरामदायी र उत्कृष्ट अनुभव प्रदान गर्छ । यो डिभाइसले उत्कृष्ट फोटो र भिडियो खिच्ने क्षमता राख्छ । साओमी १७ अल्ट्रामा रहेका फ्ल्यागसिप लाइका-इन्च अल्ट्रा डाइनामिक क्यामेरामा नयाँ लाइट फ्युजन १०५०-एल इमेज सेन्सर र लोफिक एचडिआर टेक्नोलोजी प्रयोग गरिएको छ ।

## ● बागमतीमा बजेट निर्माण सुरु

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया सुरू गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान तथा मूल्यांकन गर्दै बजेटको प्रारम्भिक खाका तयार पारेको हो । मंगलबार बसेको बजेट स्रोत व्यवस्थापन समितिको बैठकले प्रदेशको वर्तमान आर्थिक अवस्थाको समीक्षा गर्दै आगामी वर्षको बजेटको आकार र स्रोतको बाँडफाँटबारे प्रारम्भिक निर्णय गरेको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको नेतृत्वमा बसेको बैठकले चालू आर्थिक वर्षको राजस्व संकलन, संघीय अनुदान र आन्तरिक आम्दानीको अवस्थालाई आधार मानेर आगामी बजेटको रूपरेखा तय गरेको हो । मन्त्री तामाङका अनुसार आगामी आर्थिक वर्षको बजेट चालू वर्षको तुलनामा उल्लेख्य रूपमा घट्ने देखिएको छ । चालू आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रूपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी वर्ष करिब ५० अर्ब रूपैयाँको हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ ।

डिभाइसमा ६००० एमएएच क्षमताको साओमी सर्ज ब्याट्री छ । जसले ९० वाट हाइपरचार्ज र ५० वाट वायरलेस हाइपरचार्ज सपोर्ट गर्नेछ । यसले लामो समयसम्म टिक्ने क्षमता राख्दछ । साओमी १७ अल्ट्रा १६/५१२ जिबीको मूल्य एक लाख ९९ हजार ९९९ तोकिएको छ भने यसको प्रि-अर्डर अफर २५ मार्चदेखि ३१ मार्चसम्म मात्र लागू हुने कम्पनीले जनाएको छ ।

## बालेन...

आफूले पाएको म्याण्डेट भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ गरी प्रतिवेदन तयार गरेर सरकारलाई बुझाउने थियो तर कार्की आयोगले भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा भएको घटनाको मात्र जाँचबुझ गरेर २४ गतेको घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नुपर्ने मात्र उल्लेख गरेर फागुन २४ गते तत्कालिन प्रधानमन्त्री सुशिला कार्कीलाई प्रतिवेदन बुझाएको थियो । सुशिला कार्कीले त्यो प्रतिवेदन नै सार्वजनिक नगरी सो प्रतिवेदन संसदको लाइब्रेरीमा राख्न लगाएकी हुनाले अब साह सरकारले नै सो प्रतिवेदनलाई सार्वजनिक गर्दै कार्यान्वयन गर्नुपर्ने अवस्था देखिएको छ ।

बालेन साह नेतृत्वको नयाँ सरकारले सम्वैधानिक नैतिकताको कसीमा काम गर्ने आदत विकास गरेमा लोकतान्त्रिक प्रणालीको विकास हुन सक्छ । लोकतन्त्रमा सबैको अधिकार समान हुन्छ कसैलाई काखा र कसैलाई पाखा लोकतन्त्रले गर्दैन भन्ने विश्वास साह सरकारले जनतालाई दिलाउन सक्नुपर्दछ । व्यक्ति मन पर्नु र नपर्नु अलग विषय हो तर कानुन सबैका लागि बराबरी हुन्छ भन्ने सिद्धान्तमा साह सरकारले विशवसा गरेर कसैसँग पूर्वाग्राह नराखी अघि बढेमा मात्र सरकारले सफलता पाउन सक्छ । पुराना दलका नेता र कार्यकर्ताहरूमाथि पूर्वाग्रह साध्न खोजिए त्यो साह सरकारकै लागि घातक सावित हुन सक्छ ।

भाद्र २३ र २४ गतेको घटनाको पुन सुक्ष्म अनुसन्धान गरी आगजनी र तोडफोडमा संलग्न रहेका सबैलाई कानुनी कारबाहीमा ल्याउन आवश्यक छ । आवश्यक बस्तु ऐन २०१२ मा व्यवस्था गरिएको प्रावधान बाहिर गएर सरकार अघि बढ्न खोजेको खण्डमा त्यो सरकारकै लागि घाँडो हुन सक्छ । विभिन्न समयमा मुलुकमा कफर्यु लाग्ने गरिएको छ । कफ्र्यु लगाउने अधिकार स्थानीय ऐन २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई मात्र दिएको छ । कफ्र्यु लागेको अवस्थामा गोली हान्ने अधिकार कुनै सरकारी कर्मचारी प्रधानमन्त्री, गृहमन्त्री कसैले दिनु पर्दैन ।

कफ्र्यु लागेको समयमा सुरक्षामा खटिएका सुरक्षा कर्मीले अवस्था हेरेर गोली हान्न सक्ने अधिकार स्थानीय ऐन २०२८ ले दिएको हुनाले भाद्र २३ गतेको घटनापनि त्यही स्थानीय ऐन २०२८ भित्रै पर्ने हुनाले त्यसबेला प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी महानिरीक्षकले गोली हान्न आदेश दिए भन्नुको कुनै अर्थ रहँदैन । सरकारी भवन लगायत आवश्यक बस्तु ऐन २०१२ मा व्यवस्था गरिएनुसार भाद्र २३ गते गोली चलेको हुनाले सोही ऐनअनुसार कसैलाई कानुनी कारबाही गर्न सकिने प्रावधान नरहेको भएपनि पुराना राजनीतिक दल र तिनका शिर्ष नेताहरूलाई प्रतिशोध लिएर कानुनी कारबाही गर्ने प्रयासमा सरकार लागेको खण्डमा मुलुककै लागि त्यो दुर्भाग्य सावित हुन सक्छ ।

बालेन सरकारबाट जनताले ठुलो आशा र भरोसा गरेर घण्टीमा मत हालेका छन् । मतदानको बेला जनताले घण्टी चिह्नको उम्मेदवार को हो भनेर सम्म सोधेनन उनीहरूले उम्मेदवारलाई देख्दा पनि देखेनन् तर उनीहरूले बालेनको घण्टी हो भनेर बालेनलाई मत दिएका हुन् । रास्वपालाई होइन त्यसैले रास्वपाले त्यो मतलाई बचाई राख्न जनताको विश्वास जित्दै रास्वपा अरू पार्टी भन्दा यस कारण फरक रहेको छ भनेर जनताबाट प्रमाणित हुनुपर्दछ ।

रास्वपाले आफूले झण्डै दुई तिहाई मत पाएको भनेर घमण्डले फुल्नु भन्दा संसदमा उपस्थित भएका पुराना वा नयाँ दलहरूको समेत विश्वास जितेर अघि बढेको खण्डमा मात्र उसले सार्थकता पाउन सक्छ । पुराना दलका शिर्ष नेताहरूको अनुभव र ससंदीय परम्परालाई आत्मसात गरेर अघि बढ्नु रास्वपाकै हितमा हुनेछ ।

बहुमतको बलमा पुराना राजनीतिक दलहरु र संसद भित्र र बाहिर रहेका दलहरूलाई वेवास्ता गर्दै एक्लै अघि बढ्न खोजेको खण्डमा त्यो मुलुकको लागि मात्र नभएर रास्वपाकै र बालेन साहकै लागि पनि घातक सावित हुन सक्छ भन्ने हेक्का साह र रास्वपालाई होस् ।

## सरकार...

प्रधानन्यायाधिश, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र विपक्षी दलका नेता सदस्य रहने र सम्वैधानिक परिषद्ले सिफारिस गरेपछि मात्र प्रतिनिधिसभा अर्न्तगत रहेको संसदीय सुनुवाई समितिले अनुमोदन गरेपछि मात्र राष्ट्रपतिबाट नियुक्ति गरिने व्यवस्था रहेको छ । त्यसैले यी नियुक्तिलाई सरकारले सिधै हस्तक्षेप गर्ने ठाउँ छैन । किनभने राष्ट्रियसभा अध्यक्ष, उपसभामुख र विपक्षी दलका नेता एक ठाउँमा उभिन सक्ने र प्रधानमन्त्री, प्रधानन्यायाधिश तथा सभामुख एक ठाउँमा उभिएपनि निर्णय हुन सक्दैन । अहिलेसम्मको परम्परामा प्रधानन्यायाधिश प्राय निष्पक्ष भूमिकामा रहने भएकाले प्रधानमन्त्री र सभामुखले मात्र निर्माण गर्न सक्ने अवस्था रहँदैन ।

सर्बोच्च अदालत लगायतका न्यायाधिशहरु पनि न्यायपरिषद्को सिफारिसमा नियुक्ति हुन्छन् । न्यायापरिषद्मा प्रधानन्यायाधिश, सर्बोच्चका प्रधानन्यायाधिश पछिका वरिष्ठतम् न्यायाधिश कानुनमन्त्री प्रधानमनत्रीको सिफारिसमा राष्ट्रपतिले नियुक्ति गरेका प्रतिनिधि र नेपाल वारका प्रतिनिधि सदस्य हुन्छन् । त्यसैले यी नियुक्ति पनि सरकारी नियुक्ती होइनन् ? किन कि नेपालको संविधानले व्यवस्थापिका संसद कार्यपालिका र न्यायपालिका अदालत भनेर तोकेको हुनाले र कार्यपालिकाले गरेका नियुक्तिमात्र सरकारी नियुक्ति हुने भएकाले रास्वप नेतृत्वको सरकारले गरेको नियुक्ति मात्र फेरबदल गर्न सक्छ । त्यसैमा पनि समय किटान गरेर यति वर्षका लागि भनिएको भए त्यसमा पनि अदाललतले सरकारले गरेको बर्खास्तीलाई अवैध भनि ठहर गर्न सक्छ । जनताबाट निर्वाचित भएको सरकारले संविधान, विधिको शासन र लोकतान्त्रिक मूल्य मान्यतालाई मानेर अघि बढ्नु पर्दछ ।

## राज्य सञ्चालन...

तत्कालिन केपी ओली नेतृत्वको सरकारले केही सामाजिक सञ्जालहरूमा लगाएको प्रतिबन्धलाई देखाएर जेनजीहरूले भाद्र २३ गते विरोध प्रदर्शन गरेका थिए तर सो विरोध प्रदर्शनलाई हाइज्याक गरेर केही व्यक्ति, केही संघ संस्थाहरूले आफ्नो स्वार्थ पूरा गरेका छन् ।

काठमाडौ महानगरका तत्कालीन मेयर बालेन साह रास्वपामा प्रवेश गरेर निर्वाचनमा होमिएका थिए । साहको रास्वपा प्रवेशले रास्वपालाई ठुलो राहत मिलेको छ । अहिले उनै साह प्रधानमन्त्री बनेका छन् । साह नेतृत्वको सरकारले जनताको चाहानुसार कार्य गर्न नसकेको खण्डमा उनीपनि नालायक सावित हुन सक्छन् । निर्वाचनको बेला जनताले उम्मेदवार होइन निर्वाचन क्षेत्रमा को को उम्मेदवार छन् भनेर जनताले उम्मेदवार को हो भन्ने समेत सोधेनन् ?

जनताले बालेन साह भनेको घण्टी हो त्यसै कारण घण्टीलाई मत दिने भनेर घण्टीलाई मत दिएका हुन् रास्वपालाई होइन ? रास्वपा आफैँमा विवादित रहेको थियो । रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा मुद्दा खेपिरहेका व्यक्ति थिए । बालेन साह भाद्र २३ र २४ गतेको घटनामा प्रत्यक्ष र अप्रत्यक्ष संलग्न रहेका थिए । उनको टिमका अधिकांश व्यक्तिहरु रास्वपामा प्रवेश गराईए र उनीहरूलाई घण्टीको उम्मेदवार बनाइयो । प्राय उनीहरु सबैले निर्वाचनमा विजय हाँसिल गरे ।

अब सरकारको नेतृत्व बालेन साहले पाएका छन् भने उनको पार्टी रास्वपा भएको छ । अब साहले निर्वाचनका बेला जनतालाई दिएका आश्वासनहरु पूरा गर्नुपर्ने आवश्यकता देखिन्छ । साह कुनै बेला अँध्यारो कोठामा बसेर सामाजिक सञ्जालमा स्टाटस लेख्ने व्यक्ति हुन् । अब नेपाल र नेपाली जनताको सम्पूर्ण जिम्मेवारी साहमा आएकोले हिजोको अवस्थामा उनी रहन सक्दैनन् । पुराना दलका नेताहरूलाई गाली गरेर र स्टाटस मार्फत जनतालाई भड्काउने कार्यमा सक्रिय रहेका व्यक्तिले अब मुलुक सञ्चालन गर्नुपर्ने अवस्थामा जनताले पुऱ्याईदिएका छन् । हेर्न बाँकी छ साहको कार्य ।

## एकल...

राखेर संसदमा रहेका दलहरु र संसद बाहिर रहेका वरिष्ठ राजनीतिकज्ञहरूको अनुभवलाई समेत उपयोग गरेर अघि बढेको खण्डमा मात्र रास्वपा नेतृत्वको सरकार सफल हुन सक्छ ।

रास्वपा सरकारको पहिलो काम भनेको भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा भएको घटना र भाद्र २४ गते भएको विध्वसात्मक कार्यका छानविन गरी उक्त घटनामा जोसुकै संलग्न भएका भएपनि उनीहरूमाथि कानुनी कारबाही अघि बढाउनुपर्ने दायित्व रहेको छ । तर भाद्र २४ गतेको घटनामा संलग्न रहेका व्यक्तिहरु नै अहिले रास्वपाबाट उम्मेदवार बनेर सांसदमा निर्वाचित भएकाले उनीहरूमाथि कानुनी काबराही हुन सक्ने सम्भावना न्यून देखिएको छ ।

तत्कालिन प्रधानमन्त्री केपी ओलीलाई सबै दोष लगाएर रास्वपा उम्किन सक्ने अवस्था देखिँदैन । त्यसैले गर्दा अब कसैमाथि प्रतिशोध लिने प्रयास गर्नुभन्दा सबै राजनीतिक दलका शिर्ष नेताहरूको सहयोग समर्थन लिएर मुलुकमा उत्पन्न भएका समस्याहरूको समाधान गरी रास्वपाले निर्वाचनका बेला जनतासामू गरेका बाचाहरु पूरा गर्ने तर्फ उन्मुख हुनु आवश्यक छ । रास्वपा एक्लै हिड्न खोज्दा मुलुक फेरी दुर्घटनातर्फ जान सक्छ । यसभन्दा पहिलो पनि विभिन्न समयमा बहुमतको सरकार निर्माण भएको भएपनि त्यो सरकार समेत पूरा अवधि चल्न नसकेको इतिहास नै साक्षी रहेका हेक्का रास्वपाले राख्नै पर्दछ ।

## लिपुलेक...

लिपुलेक पास नेपालको पश्चिमी सिमा लिम्पियाधुराबाट ५६ किलोमिटर भित्रको भूमि हो । यो भूमि हुँदै व्यापार सञ्चालनको लागि भारतको विदेश मन्त्रालयले अनुमति दिईसकेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । विदेश मन्त्रालयले नो अब्जेक्सन लेटर जारी गरेपछि सीमा व्यापार पुनः सुरू गर्ने प्रक्रिया अघि बढेको जनाइएको छ ।

भारतका विदेश सचिव विक्रम मिश्रिले उत्तरखण्डका मुख्य सचिव आनन्द बर्धनलाई पत्र लेखेर लिपुपेक पासबाट व्यापार पुन स्थापित गर्नु भनेका छन् । यसअघि पनि नेपाली भूमि लिपुलेक हुँदै जाने व्यापार मार्गका विषयमा आफूलाई नसोधि भारत र चीनले सम्झौता गरेपछि नेपालले विरोध गरेको थियो । यहि विषयमा अडान लिँदा केपी आली नेतृत्वको सरकार सत्ताच्यूत हुनुपरेको र निर्वाचनबाटै कमजोर अवस्थामा पुऱ्याइएको दाबी एमाले पक्षले गरेको छ ।

नेपालले विवाद झिकेपछि यो नाका ६ वर्षदेखि बन्द रहेको थियो । ६ वर्षपछि नेपालमा सत्ता उल्टाफेरको मौका हेरेर चीनसँगको भारतको नाका जुन नेपाली भूमि हुँदै गएको छ । त्यो खुलाउने भएको छ । अहिले रास्वपाको झण्डै दुई तिहाईको सरकार रहेको छ । रास्वपाका वरिष्ठ बालेन साह प्रधानमन्त्री रहेका छन् अब रास्वपा र बालेन सरकारले यो विषयलाई कसरी नेपालको पक्षमा निर्णय गर्दछन् त्यो हेर्न बाँकी रहेको छ । ओली सरकार ढाल्नुको कारण पनि यहि नाका हुन सक्छ ।

## एउटै व्यक्तिलाई...

गरेको भेटिएको छ ।

आन्दोलनका बेला प्रहरी प्रधान कार्यालयको कार्य विभाग (हाल प्रहरी एकेडेमी) मा रहेका एआईजी सिद्धिविक्रम शाहलाई कारबाही र पुरस्कार दुबै सिफारिस गरिएको भेटिएको हो । आयोगको प्रतिवेदनको पृष्ठ ६८९ मा एआईजी शाहलाई पुरस्कृत गर्नुपर्ने आयोगले औंल्याएको छ ।

'२४ भदौमा टंगालको भाटभेटेनी र नक्लासको हिल्टन होटल जलाई प्रहरी प्रधान कार्यालय आक्रमण गर्न खोज्दा कार्य विभाग प्रमुख एआईजी शाहले आक्रमणकारीलाई मुल गेटभित्र प्रवेश गर्न नदिई नेतृत्वदायी भूमिका निर्वाह गरी प्रहरी प्रधान कार्यालय पूर्णरूपमा सुरक्षित राख्न सफल भएको हुँदा उनलाई प्रहरी प्रधान कार्यालयले पुरस्कृत गर्नुपर्ने देखिन्छ' प्रतिवेदनमा भनिएको छ ।

सँगै एआईजी शाहलाई आयोगले कारबाहीका लागि पनि सिफारिस गरेको छ । आयोगको पृष्ठ ७२५ मा कारबाही सिफारिस विवरणमा एआईजी शाहको नाम उल्लेख गरिएको छ । एआईजी शाहलाई विभागीय कारबाहीका लागि सिफारिस गरिएको छ ।

प्रहरी ऐन २०१२ को दफा ९ को उपदफा (४) र प्रहरी नियमावलीको नियम १०९ अनुसार कारबाही गर्नुपर्ने बताइएको छ । जहाँ कर्तव्य पालनामा देखिएको कमजोरी र निर्वाह गरेको भूमिकाका लागि कारबाही सिफारिस गरिएको उल्लेख छ ।

# उद्योगमन्त्रीले गरे १६६ बुँदे कार्यप्रगति सार्वजनिक

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले एक सय ६६ बुँदामा आफ्नो कार्यकालमा गरेका कामको फेहरिस्त सार्वजनिक गरेका छन् । खासगरी औद्योगिक पूर्वाधार निर्माण तथा सञ्चालनमा प्राथमिकता दिएको र व्यापार सहजीकरणका लागि कूटनीतिक पहल गरेको उनले आफ्नो कार्यप्रगतिमा उल्लेख गरेका छन् । त्यस्तै, विभिन्न नीति, नियम तथा मापदण्ड तयार गरेकोसमेत उनले उल्लेख गरेका छन् ।

विशेष आर्थिक क्षेत्र (सेज)को मासिक भाडादर प्रतिवर्ग मिटर २० रूपैयाँबाट घटाएर ५ रूपैयाँ कायम गराएको, तिलगंगा आँखा अस्पतालको लेन्स उत्पादन गर्ने कारखानाका लागि एक करोड अनुदान दिएको, धौवादी फलाम खानी पहुँचमार्ग निर्माणका लागि डिभिजन सडक कार्यालय भरतपुरलाई अख्तियारी दिएको, औद्योगिक क्षेत्रमा नयाँ १४ वटा उद्योगको स्थापना भएको, उद्योगी तथा सेवाग्राहीहरूले अनलाइन भुक्तानी गर्न मिल्ने व्यवस्था गरेको, मोतिपुर औद्योगिक क्षेत्रको ब्लकलाई लिजमा दिने प्रक्रिया सुरू भएको, लक्ष्मीपुर औद्योगिक क्षेत्रको डिपिआर र इआइएका लागि परामर्शदाता नियुक्त गर्ने तयारी थालिएको उनले उल्लेख गरेका छन् ।

मन्त्री सिन्हाले सुशासन मार्गचित्र तयार गरेको, विद्युतीय व्यापार (ई-कमर्स)सम्बन्धी निर्देशिका २०८२ जारी गरेको, नयाँ औद्योगिक नीतिको प्रारम्भिक मस्यौदा तयार गरेको, सार्वजनिक संस्थानहरूको अद्यावधिक प्रोफाइल तयार गरेको, स्वचालित प्रणालीबाट आउने विदेशी लगानीका लागि अधिकतम सीमा हटाएकोलगायत विवरण उल्लेख गरेका छन् ।

## कांग्रेस...

विशेष महाविधेशनलाई गत माघ ४ गते मान्यता दिएको थियो । अयोगको निर्णयलाई चुनोती दिँदै देउवा पक्षले सर्बोच्च अदालतमा रिट दायर गरेकोमा अब चैत्र २२ गतेका लागि पेशी तोकिएको छ । सर्बोच्च अदालतले यस विषयमा छिनोफानो नगरिदिँदा समस्या उत्पन्न भएको देउवा पक्षको भनाई रहेको छ । सर्बोच्चले जे निर्णय गरेपनि १५ महाधिवेशन गर्न कांग्रेसलाई बाटो खुल्छ । त्यसैबेला कांग्रेस विभाजन हुने र एक हुने बाटो तय हुन्थ्यो ।

## प्रतिशोध...

यही करारनामा आधारित भएर अघि बढ्नु पर्नेछ । सो करारनामामा उल्लेखित भएका एजेण्डाहरु कति व्यवहारिक वा कार्यान्वयन योग्य थिए थिएन भने विषय पार्टीको आन्तरिक विषय होला तर जनताले अब यिनै एजेण्डाका आधारमा पार्टी, सरकार र पार्टीको नेतृत्वको मूल्यांकन गर्ने भएकाले रास्वपा सचेत हुनुपर्ने निश्चित जस्तै भएको छ ।

रास्वापको मुख्य एजेण्डा भनेको प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्री के हो ? सम्वैधानिक निकायमा गैरदलीय विज्ञको नियुक्ति र राइट टु रिकल एवं राइट टु रिजेक्टको कानुनी निश्चिततामा केन्द्रीत छ । यस प्रस्तावका साथै पूर्णत निष्पक्ष गैरराजनीतिक राष्ट्रपतिको शासकीय सुधार, प्रदेश परिषद्को व्यवस्था गरिएको छ । यी लगायत विभिन्न समयमा गठन भएका जाँचबुझ आयोगहरूले दिएका प्रतिवेदनहरु सार्वजनिक गर्ने उद्घोष गरेको हुनाले त्यो कार्य पूरा हुनुपर्नेछ ।

साह सरकारले विगतका गल्ती र कमी कमजोरीबाट सिक्दै संसदमा उपस्थित भएका र संसद बाहिर रहेका दलका शिर्ष नेताहरूको विश्वास लिएर अघि बढ्न सकेको खण्डमा मात्र रास्वपाले जनतासामू गरेको करारनामा पत्र लागु हुन सक्छ र कार्यान्वयन हुन सक्छ । संसदमा आफ्नो झण्डै दुई तिहाइ मत रहेको र सरकार सञ्चालनमा अन्य कुनै दलको सहयोग र समर्थन चाहिँदैन भनेर एक्लै अघि बढ्न खोजेको खण्डमा मुलुक फेरी अर्को दुर्घटनामा जान सक्छ भन्ने हेक्का सरकार प्रमुख र पार्टीलाई हुनुपर्दछ ।

पुराना दलको अनुभव र पराना दलका शिर्ष नेताहरु संसद बाहिर रहेका भएपनि उनीहरूको अनुभव र संसदीय ज्ञानलाई सम्मान गर्दै सहमति र सहकार्यको संस्कृति विकास गर्नु नै राजनीतिक परिपक्कताको परिचय सावित हुन सक्छ । पुराना राजनीतिक दलका नेता र कार्यकर्ताहरूलाई राजनीतिक प्रतिशोधका आधारमा प्रतिशोध लिने वा कारबाही गर्ने गरी सरकार अघि बढेमा त्यसले फेरी राजनीतिक संकट ल्याउन सक्छ । विगतमा पनि एउटै राजनीतिक दलले बहुमत ल्याउँदा पनि संसदको पुरा अवधि पुरा नभएको इतिहास साक्षी रहेको तथ्यलाई रास्वपाले भुल्नु हुँदैन ।

**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार